
# शिक्षा क्षेत्रको योजना

## (२०८१-२०९०)

**School Education Sector Plan**

**Golbazar Municipality, Siraha**




**गोलबजार नगरपालिकाको कार्यालय**

**मधेश प्रदेश नेपाल**

तयारकर्ता : प्रमुख शिक्षा, युवातथा खेलकुद शाखा
सामाजिक विकास शाखा संयोजक

प्रकाशक : गोलबजार नगरपालिका, सिरहा

प्रकाशन प्रति : १०००

सर्बाधिकार : प्रकाशनमा

प्रकाशन मिति : २०८१ साल
अध्यावधिक मिति : २०८३ साल
प्राबिधिक सहयोग : शिक्षा विकास तथा समन्वय एकाई सिरहा
प्रारम्भिक कक्षा सिकाई कार्यक्रम
People Promote Center/UNICEF

## हाम्रो भनाइ

कुनै पनि देशको चौतर्फी विकासका लागि मार्गदर्शनको आवश्यकता पर्दछ । यसको लागि एउटा योजनाको आवश्यकता हुन्छ । योजना अल्पकालीन, मध्यकालीन र दीर्घकालीन हुन्छ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । शिक्षामा सबैको पहुँच, गुणस्तरीय  शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो गोलबजार  सुसम्पन नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ । गोलबजार  नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन नगर शिक्षा योजना २०२४ (२०३३) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा अगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु ।



गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

........................

श्याम कुमार श्रेष्ठ
नगर प्रमुख
गोलबजार नगरपालिका, सिरहा

## दुई शब्द

गोलबजार नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) को निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो नगरपालिकाको तर्फबाट सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौँ। यो महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग गर्ने People Promote Center, धनुषा, योजना निर्माण कार्यदलका सदस्यहरू, स्थानीय समुदाय, शिक्षक, विद्यार्थी, अभिभावक, र अन्य सरोकारवालाहरूको सहयोगले मात्र यो सम्भव भएको हो। यो योजना गोलबजार नगरपालिकाको शिक्षा क्षेत्रलाई समग्र रूपमा समृद्ध बनाउन तयार पारिएको एक मार्गदर्शन दस्तावेज हो। यसले हाम्रा भविष्यका लक्ष्यहरू स्पष्ट रूपमा परिभाषित गर्दै गुणस्तरीय, समावेशी, र दिगो शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। शिक्षा कुनै पनि समाजको विकासको आधारभूत पक्ष हो, र यस क्षेत्रमा भएका चुनौतीहरूको समाधान खोज्न यो योजना एक दूरदर्शी कदम हुनेछ।

People Promote Center, धनुषाको अनुभव र नेतृत्वले यो योजनाको निर्माण प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ। उहाँहरूको प्राविधिक सहयोग, तथ्यांक संकलन, र विशेषज्ञता बिना यो कार्य सम्भव हुने थिएन। साथै, योजना निर्माण कार्यदलका सदस्यहरूले देखाएको लगनशीलता, प्रतिबद्धता, र सिर्जनशील सोचले यो दस्तावेजलाई एक सशक्त योजना बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।






रुपनारायण खतिवडा
प्रमुख प्रसाशाकीय अधिकृत
गोलबजार नगरपालिका,सिरहा

# प्राक्कथन

गोलबजार नगर शिक्षा योजना कुनै पनि स्थानीय तहको शैक्षिक अवस्थाको ऐना हो। यसले नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण विद्यालय तथा शैक्षिक संस्थाहरूको वर्तमान अवस्था, आवश्यकता, चुनौती, सम्भावना तथा भावी दिशालाई समेट्दै शिक्षाको समग्र विकासका लागि मार्गचित्रको रूपमा कार्य गर्दछ। शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री तथा बालमैत्री सिकाइ वातावरण, समान सहभागिता, लैङ्गिक तथा सामाजिक भेदभावरहित शैक्षिक अवसर र प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो।

दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, नेपालको संविधानमा सुनिश्चित गरिएको शिक्षासम्बन्धी मौलिक हक, प्रचलित शिक्षा ऐन तथा नियमावली, राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय शैक्षिक लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै गुणस्तरीय, समावेशी, समतामूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्न शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस योजनाले गोलबजार नगरपालिकाको स्थानीय आवश्यकता, उपलब्ध स्रोत–साधन, शैक्षिक अवस्था तथा भावी सम्भावनालाई आधार बनाई आगामी वर्षहरूमा शिक्षा क्षेत्रको विकासका लागि आवश्यक रणनीति, कार्यक्रम तथा प्राथमिकताहरू निर्धारण गरेको छ। गोलबजार नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाले नगर क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै शिक्षा क्षेत्रमा आफ्नो भूमिका निरन्तर रूपमा अगाडि बढाउँदै आएको छ। यस शिक्षा क्षेत्र योजना निर्माणका क्रममा आवश्यक आर्थिक सहयोग तथा समन्वय प्रदान गर्नुहुने गोलबजार नगरपालिका, प्राविधिक तथा नीतिगत सहयोग प्रदान गर्नुहुने सम्बन्धित मन्त्रालय, महाशाखा तथा शिक्षा क्षेत्रसँग सम्बद्ध निकायहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौँ। यस शिक्षा क्षेत्र योजनालाई वर्तमान स्वरूपमा ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनुहुने शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिप्रति विशेष आभार व्यक्त गर्दछौँ। साथै, समय–समयमा आवश्यक सुझाव, सल्लाह तथा सहयोग प्रदान गर्नुहुने नगर शिक्षा समिति, नगरपालिका परिवार, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दलका प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, समुदाय, तथ्याङ्क सङ्कलक तथा यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

प्रस्तुत शिक्षा क्षेत्र योजना गोलबजार नगरपालिकाको शैक्षिक विकासको आधारभूत मार्गचित्रका रूपमा रहने विश्वास लिएका छौँ। योजनाको प्रभावकारी कार्यान्वयन, नियमित समीक्षा, अनुगमन तथा आवश्यकतानुसार परिमार्जन गर्दै यसलाई अझ बढी व्यवहारिक, प्रभावकारी र परिणाममुखी बनाउन आगामी दिनहरूमा सबै सरोकारवालाबाट रचनात्मक सुझाव, सहयोग र सहकार्यको अपेक्षा गर्दछौँ।



सुवोध कुमार लामा
शाखा अधिकृत
गोलबजार नगरपालिका, सिरहा

## Contents

**योजनाको सारंश** ........ 8

**१. बिषय प्रवेश** ........ 9

**२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य** ........ 9

**३. स्थानीय तहमा योजना निर्माणको औचित्य** ........ 10

**४. शिक्षा योजना निर्माणका आधार** ........ 10

**५. शिक्षा योजना निर्माण प्रक्रिया** ........ 10

**६. योजना लेखाजोखा** ........ 11

**७. योजना दस्तावेजको स्वरूप** ........ 11

**परिछेद एकपरिचय :** ........ 14

**१ १.वर्तमान अवस्था** ........ 14

**१ २.मु ख्य समस्या तथा चु नौतीको विश्लेषण** ........ 20

**गोलबजार नगरपलिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरू निम्नानुसार छन् -** ........ 20

**१ ३.शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण** ........ 20

**परिच्छेद दुईरणनीति तथा लक्ष्य ,ध्येय ,दुरदृष्टि :** ........ 22

**२..१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार** ........ 22

**२..२ गोलबजार नगरपालिकाको दुरदृष्टि** ........ 22

**२..३ लक्ष्य** ........ 23

**२.६ कार्यनीति** ........ 24

**२८. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण** ........ 25

**परिच्छेद तीनबिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु :** ........ 26

**परिचय** ........ 28

**३१ बालविकास र शिक्षा.** ........ 28

**३ २.आधारभूत शिक्षा** ........ 33

**३३ माध्यमिक शिक्षा.** ........ 38

**परिचय** ........ 38

**३१ वर्तमान अवस्था.३.** ..... 38

**३४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम.** ..... 43

**३६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई.** ..... 46

**परिचय** ..... 46

**परिच्छेद चार :अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू अन्तर्गत** ..... 50

**परिचय** ..... 50

४.१ पाठ्यक्रम तथा मूल्याङ्कन ..... 50

**४२ शिक्षक व्यवस्थापन र विकास.** ..... 55

**४ .३ शैक्षिक समता र समावेशीकरण** ..... 60

**परिचय** ..... 60

**४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम** ..... 65

**४५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता.** ..... 69

**परिचय** ..... 69

**४६ विद्यालय भौतिक पूर्वाधार विकास.** ..... 73

**४७ विद्यालयमा सुचना तथा संचार प्रबिधि.** ..... 76

**परिचय** ..... 76

**परिच्छेद पाँच (अन्य उपक्षेत्र) योजनाको नतिजा खाका :** ..... 80

**परिचय** ..... 80

**५ १.योजनाको समग्र नतिजा खाका** ..... 80

**५२ प्रमुख कार्य सम्पादन सूचकहरु.** ..... Error! Bookmark not defined.

**परिच्छेद ६ सुशासन तथा व्यबस्थापन** ..... 84

**६२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध** ..... **91**

**परिचय** ..... **91**

**७२ उद्देश्य.** ..... **99**

**६४ रणनीतिहरू.** ..... **99**

**६५ स्रोतको अनुमान र विश्लेषण** ..... Error! Bookmark not defined.

अनुसूचीहरु महत्वपूर्ण लिंकहरु : ..... 111

सन्दर्भ सामग्रीहरु ................................................................... **Error! Bookmark not defined.**

**अनुसूचीहरु**

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)

अनुसूची २ नतिजा ढाँचा (Result Framework)

अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

# योजनाको सारंश

## १. बिषय प्रवेश

स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। गोलबजार नगरपालिकाको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** निर्माण गर्न लागिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय तहहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीय स्तरमा शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता महसुस गरि यस गोलबजार नगरपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान २०७२ को अनुचुची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११, ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेका छन । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत रहेकोछ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि गोलबजार नगरपालिकाकाले स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न लागिएको छ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगोविकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएकोले यसको साथै विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ। विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधा विहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण पहल भएका छन् । यसै परिवेशमा यस गोलबजार नगरपालिकाले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

स्थानीय तहको योजनाले स्थानीय तह, प्रदेश र संघको सम्बन्ध स्थापित गर्न मदत गर्ने भएकोले यो योजनाको औचित्य महत्वपुर्ण छ ।

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।

३.२ सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।

३.३ कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।

३.४ साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

३.५ शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तरास्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन ।

## ४. शिक्षा योजना निर्माणका आधार

यस गोलबजार नगरपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

४.१ नेपालको संबिधान

४.२ सोह्रौं आवधिक योजना

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

४.१० स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१२ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१३ विद्यालय सधुार योजना र अन्य सरकारी र गैर सरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

यस गोलबजार नगरपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा शिक्षा समितिको सहभागिता र योजना निर्माण मस्यौदा समिति तयार गरि समितिमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुखलाई अनिवार्य रूपमा समावेश गरिएको छ । यस अतिरिक्त आवश्यकता अनुसार सम्बन्धित बिषय क्षेत्रको विज्ञ तथा

प्राविधिकहरुलाई) कलेज ,विद्यालय वा अन्य व्यक्तिहरुबाट (आमन्त्रित गरिएको छ। योजना निर्माण समितिलाई सहजीकरण र जिम्मेवार बनाउन आबश्यक सल्लाह सुझाब सहित लिखित कार्य विवरणका साथ योजना निर्माणको कार्य अगाडी बढाउन निर्देश बमोजिम स्थानीय तहको शिक्षा योजना निर्माण गरियको हो।

## ६. योजना लेखाजोखा

यस गोलबजार नगरपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माण गरिसके पछि विश्वसनीय ,दिगो र लगानी योग्य छ या छैन भन्नका लागी योजनाको विभिन्न पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ ,जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गरिनेछ।

गोलबजार नगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्न योजनाको सबलता ,प्रासंगिकता, सुसंगतता र विश्वसनीयता ,आदि पक्षहरु हेरिन्छन् । यो योजनाको लेखाजोखा प्रक्रिया गोलबजार नगरपालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागिता गरिनेछ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श) योजना निर्मार्ण समिति , प्राबिधिक समितिहरूसँग बैठक(, प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता र खासखास मुद्दा तथा समस्या रहेका वडा ,गाउँ ,समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा ,भरपर्दो जानकारीहरुको विश्लेषण ) जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ( समावेश गरिनेछ । लेखाजोखा प्रक्रियालाई सुक्ष्मबिश्लेष्ण गर्न तलका तालिकामा बिभिन्नपक्षहरुलाई समाबेस गरी हेरियेकोछ 1

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • स्थानिय तहको प्रमुखको संयोजकत्वमा सबै प्रतिनिधहरुको सहभागितामा छलफल भई मस्यौदा समिति गठन भएको ।<br>• मस्यौदा समितिमा निर्देशिकाले निर्धारण गरेको सबै पक्षको सहभागिता रहेको ।<br>• योजना लेखनकार्य पारदर्शी रुपमा गरिएको । |
| २ | प्रयाप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएको दुर दृष्टि, लक्ष्य, उद्धेश्य, कार्यनिति र कृयाकलापहरु स्थानिय तहको शिक्षा क्षेत्रका समस्या र चुनौतीहरुलाई सम्बोधन गर्ने गरी तयार गरिएकोछ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • शिक्षा क्षेत्रको योजनाले स्थानिय तहको शिक्षालई अगाडी बढाउनको लागी योजनमा समता, सक्षमता तथ सिकाईमा गुणस्तर अभिबृद्धि गर्ने मुख्य क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ । |

| | | |
|---|---|---|
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | • स्थानिय तहले निर्माण गर्ने अन्य कृषी, स्वास्थ्य, भौतिक पूर्वाधार योजनाहरुसँग अन्तरसम्बन्ध रहेको छ ।<br>• विद्यालय सुधार योजना र नमुना विद्यालय योजनाबीच अन्तर सम्बन्ध रहेको छ ।<br>• स्थानिय तहले बनाएको शिक्षा क्षेत्रको योजना राष्ट्रिय, प्रदेशद्धारा बनाईएको ऐन कानुन, निति तथा योजनाका लक्ष्य अनुरुप तयार गरिएको छ । |
| ५ | संभाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनाको गतिविधिहरुको सहज मापन, अनुगमण तथा मुल्याँकन गर्न सकिनेछ ।<br>• योजनाको लक्ष्य प्राप्तीको लागी कार्यान्वयन गरिने कृयाकलापहरु सान्दर्भिक रहेको छ ।<br>• योजना स्थानिय परिवेश, विशेष गरी जनसंख्याँ, जातजाति, आर्थिक, भाषिक रुपमा पछाडी परेका बर्गहरु र क्षेत्रका विकासकालागी सान्दर्भिक छ । |
| ६ | श्रोतको प्रवन्ध | • योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट बीच आपसी तालमेल रहेको छ ।<br>• शिक्षा योजनामा समावेश गरिएको कार्यक्रमहरु संचालनका लागी संघ, प्रदेश र स्थानिय तह स्वमबाट श्रोतको व्यवस्थापन गर्न सकिनेछ ।<br>• यस योजना कार्यान्वयनको लागी दातृनिकायहरुको पनि सहयोग सहकार्य तथा साझेदारीबाट तयार गरिएको छ । |
| ७ | संस्थागत क्षमता | • योजना कार्यान्वयनको लागी स्थानिय तहमा रहेको विधमान संरचनहरुको प्रयोग गरि उच्चत्तम प्रतिफल हासिल गर्न सकिनेछ ।<br>• योजनामा विभिन्न संयन्यत्र तथा पक्षहरुको क्षमता विकास, सहभागिता बृद्धिका लागी विभिन्न कार्यक्रमहरु तय गरेको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • यो योजना सथानिय तहले नै निर्मांण गरिएकोले यसको कार्यान्वयन हुनुको साथै यसमा स्थानिय तहको अपन्त्व पनि हुनेछ । |

| | | |
|---|---|---|
| ९ | तथ्याँक विश्लेषण र प्रक्षेपण | • तथ्याँक तथा सुचनाहरु वीच तादम्यता रहेको छ। <br> • स्थानिय तहको शैक्षिक सुचक तथा अन्य तथ्याँकहरुको आधारमा योजनाका रणनिति तथा कृयाकलापहरु समावेश गरिएको छ। |
| १० | अनुमण र प्रतिवेदन | • अनुगमण तथा मुल्याँकनका सुचकहरुको आधारमा नतिजामा आधारित अनुगमण तथा मुल्याँकन गर्दा यो बढी पादर्शी र जवाफदेही हुने छ। <br> • शिक्षा योजनामा अनुगमण तथा मुल्याँकनको छुट्टै अनुच्छेद राखिएको छ र सोही अनुसारको संयन्त्रको व्यवस्था गरिएको छ। <br> • प्रतिवेदन प्रणालीको विकास र सम्बन्धित पक्षलाई जवाफदेही वनाउन विषयहरु योजनामा समावेश गरिएको छ। |

## ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहको यस योजनाको स्वरूपलाई अनुसूची १ बमोजिमको ढाँचाभित्र रही तयार गरिएको छ 1

## परिछेद १ : परिचय

नेपालमा शिक्षा विकासका लागि राणाकालको उत्तरार्धदेखि नै विभिन्न प्रयासहरू हुँदै आएको पाइन्छ। शिक्षा क्षेत्रलाई व्यवस्थित, योजनाबद्ध र संस्थागत रूपमा अगाडि बढाउने महत्वपूर्ण आधारका रूपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११ लाई लिन सकिन्छ। त्यसपछि सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना, २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८–२०३२), राष्ट्रिय शिक्षा आयोग, २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा कार्यदल, २०५८ तथा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७६ लगायतका विभिन्न आयोग तथा समितिहरूले शिक्षा क्षेत्रको सुधार, विकास र पुनर्संरचनाका लागि महत्वपूर्ण सुझाव तथा नीतिगत आधारहरू प्रस्तुत गरेका छन्। यी विभिन्न प्रतिवेदन तथा सिफारिसहरूको आधारमा शिक्षा क्षेत्रमा समयानुकूल सुधार तथा परिवर्तनका प्रयासहरू हुँदै आएका छन्।

यस अवधिमा शिक्षा क्षेत्रको विकास र विस्तारका लागि विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरू समेत सञ्चालन भएका छन्। रेडियो शिक्षा शिक्षक तालिम परियोजना, २०३५, निरीक्षण एकाइ परियोजना, २०३७, सेती परियोजना, २०३८, विज्ञान शिक्षा परियोजना, २०३८, प्राथमिक शिक्षा परियोजना, २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना, २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो, २०४९ र दोस्रो, २०५६), प्राथमिक शिक्षा परियोजना, २०४९, माध्यमिक शिक्षा विकास परियोजना, २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम, २०५२, शिक्षक शिक्षा आयोजना (२०५९–२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (सन् २००३–२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९–२०६६), व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८–२०७२) लगायतका कार्यक्रमहरूले नेपालको शिक्षा क्षेत्रको विकासमा योगदान पुऱ्याएका छन्। साथै, सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१–२०१५) मार्फत शिक्षा क्षेत्रमा पहुँच, समावेशिता, समानता तथा गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण प्रयासहरू भएका छन्।नेपालको संविधान, २०७२ ले समतामूलक, समावेशी तथा समाजवादउन्मुख राष्ट्र निर्माणको परिकल्पना गर्दै शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ। संविधानमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरिएको छ। संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली,

२०७७ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका कानुनी व्यवस्थाहरू कार्यान्वयनमा आएका छन्। यसैगरी, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संविधानमा निहित शिक्षा सम्बन्धी अधिकार तथा राज्यका दायित्वलाई कार्यान्वयन गर्न शिक्षा क्षेत्रमा आवश्यक नीतिगत दिशा र प्राथमिकताहरू निर्धारण गरेको छ।अन्तर्राष्ट्रिय तहमा सहस्राब्दी विकास लक्ष्य (MDGs, २०००–२०१५) तथा दिगो विकास लक्ष्य (SDGs, २०१५–२०३०) अन्तर्गत शिक्षासम्बन्धी उद्देश्य, लक्ष्य तथा सूचकहरू हासिल गर्न नेपालले विभिन्न राष्ट्रिय शिक्षा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। यस क्रममा विद्यालय क्षेत्र सुधार योजना (सन् २००९–२०१५), विद्यालय क्षेत्र विकास योजना (सन् २०१६–२०२२) तथा विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२/२३–२०३१/३२) कार्यान्वयनमा रहेका छन्। यी राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूले शिक्षा क्षेत्रमा पहुँच, समानता, समावेशिता, गुणस्तर, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, पूर्वाधार विकास तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकता दिएका छन्।

नेपालको संविधान, प्रचलित शिक्षा सम्बन्धी कानुन, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहलाई शिक्षा क्षेत्रको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। सोही संवैधानिक तथा कानुनी अधिकार र राष्ट्रिय नीतिगत प्राथमिकतालाई आधार मान्दै गोलबजार नगरपालिकाले स्थानीय आवश्यकता, सम्भावना, चुनौती तथा शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दश वर्षको शिक्षा विकासको स्पष्ट दृष्टिकोण, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमसहित शिक्षा क्षेत्र योजना (Education Sector Plan–ESP) तयार गरेको छ। गोलबजार नगरपालिकाको शिक्षा क्षेत्र योजना सन् २०२४–२०३३ सम्मको दश वर्षे अवधिलाई समेट्ने गरी तयार गरिएको हो। यस योजनाले नगरपालिकाभित्र गुणस्तरीय, समतामूलक, समावेशी, पहुँचयोग्य, बालमैत्री तथा जीवनोपयोगी शिक्षाको विकास गर्ने दीर्घकालीन दृष्टिकोण लिएको छ। स्थानीय शैक्षिक आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच समन्वय कायम गर्दै यस योजनाले सबै बालबालिकाको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नुका साथै सिकाइ उपलब्धि अभिवृद्धि, विद्यालयमा विद्यार्थीको निरन्तरता, शिक्षकको पेशागत क्षमता विकास, भौतिक तथा शैक्षिक पूर्वाधारको सुधार, प्रविधिमैत्री शिक्षा तथा समावेशी र सुरक्षित सिकाइ वातावरण निर्माणलाई प्राथमिकतामा राखेको छ।

## १.१ वर्तमान अवस्था

नेपालमा अन्य क्षेत्र जस्तै शिक्षा क्षेत्रले पनि समय सापेक्ष फडको मार्दै अगाडी बढिरहेको छ । २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्दले शिक्षा क्षेत्रलाई केहि असर गरेपनि व २०७० को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान  जारी (२०७२)भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरूप स्थानीय तहको निर्वाचन २०७४ र सो पछी २०७९ साल मंगसिरमा भएको स्थनीय निर्बाचन पश्चात गोलबजार नगरपालिकाका स्थानीय सरकारका प्रतिनिधिबाट यस नगरपालिकाको शिक्षाको क्षेत्रमा राम्रो प्रगति हासिल गरेको छ ।

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

गोलबजार नगरपालिका मधेश प्रदेशअन्तर्गत सिराहा जिल्लामा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो। यस नगरपालिकाको कुल क्षेत्रफल १११.९४ वर्ग किलोमिटर रहेको छ। नगरपालिकाको भौगोलिक सिमाना उत्तरतर्फ उदयपुर जिल्ला, पूर्वतर्फ धनगढीमाई नगरपालिका, पश्चिमतर्फ मिर्चैया नगरपालिका र नरहा गाउँपालिका तथा दक्षिणतर्फ सुखीपुर नगरपालिका र अर्नमा गाउँपालिकासँग जोडिएको छ। प्रशासनिक रूपमा यस नगरपालिकालाई १३ वटा वडामा विभाजन गरिएको छ भने नगरपालिकाको केन्द्र गोलबजारमा रहेको छ।भौगोलिक अवस्थाका दृष्टिले गोलबजार नगरपालिका तराई क्षेत्रअन्तर्गत पर्दछ। यो नगरपालिका करिब २६ डिग्री ४७ मिनेट ४२ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री १९ मिनेट ४८ सेकेण्ड पूर्वी देशान्तरमा अवस्थित रहेको छ। तराई क्षेत्रको भौगोलिक तथा जलवायुजन्य विशेषताका कारण यहाँ गर्मी मौसममा अत्यधिक गर्मी तथा जाडो मौसममा अत्यधिक चिसो हुने गर्दछ। यस्तो मौसमी अवस्थाले यहाँको जनजीवन, कृषि प्रणाली तथा विद्यालयको शैक्षिक गतिविधिमा समेत प्रभाव पार्ने गरेको छ। विशेषगरी अत्यधिक गर्मी तथा चिसोका समयमा विद्यार्थीको नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा विद्यालय सञ्चालनमा चुनौती सिर्जना हुन सक्ने भएकाले विद्यालय शिक्षालाई स्थानीय जलवायु तथा मौसमी अवस्थासँग अनुकूल हुने गरी व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

**(ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण**

२०७८ साल को जनगणना अनुसार गोलबजार नगरपालिकाको कूल जनसंख्या ६३,८८५ जना रहेको छ जसमा महिलाको ३२२७४ जना र पुरुष ३१६११ जना रहेको छ । पुरुषको भन्दा महिलाको जनसंख्या ६६३ ले बढी देखिन्छ । विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**गोलबजार नगरपालिकाको वडागत जनसंख्या बिवरण**

| वार्ड | घरधुरी संख्या | जनसंख्या | | | औशत घरधुरीको आकार | गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| सबै वडा | १३१३३ | ६३८८५ | ३१६११ | ३२२७४ | ४.८६ | ९७.९५ |
| वडा नं १ | ८३१ | ४२३० | २०८७ | २१४३ | ५.०९ | ९७.३९ |
| वडा नं २ | १२१३ | ५७२७ | २८५८ | २८६९ | ४.७२ | ९९.६२ |
| वडा नं ३ | ११२७ | ४९६५ | २४२५ | २५४० | ४.४१ | ९५.४७ |
| वडा नं ४ | १३८३ | ६७५६ | ३४५९ | ३२९७ | ४.८९ | १०४.९१ |
| वडा नं ५ | ६०४ | २९९५ | १४५२ | १५४३ | ४.९६ | ९४.१० |
| वडा नं ६ | १८०५ | ८३७८ | ४२१२ | ४१६६ | ४.६४ | १०१.१० |
| वडा नं ७ | ६५६ | ३१०९ | १५४१ | १५६८ | ४.७४ | ९८.२८ |
| वडा नं ८ | ८४९ | ४१६७ | २०८१ | २०८६ | ५.९१ | ९९.७६ |
| वडा नं ९ | ६७६ | ३४२० | १६८८ | १७३२ | ५,०६ | ९७.४६ |
| वडा नं १० | ५७२ | ३०५२ | १५०७ | १५४५ | ५.३४ | ९७.५४ |
| वडा नं ११ | ११८४ | ६०९८ | २९३७ | ३१६१ | ५.१५ | ९२.९१ |
| वडा नं १२ | ११७६ | ६०१४ | २९६० | ३०५४ | ५.११ | ९६.९२ |
| वडा नं १३ | १०५७ | ४९७४ | २४०४ | २५७० | ४.७१ | ९३.५४ |


*स्रोत :राष्ट्रिय जनगणना २०७८*


**उमेर समूहमा जनसंख्याको वितरण**

| उमेर समुह | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| **सबै उमेर समुह** | **६३८८५** | **३१६११** | **३२२७४** |
| ०-३ बर्ष | ५०९७ | २७५९ | २३३८ |
| ४ बर्ष | १४०२ | ७२९ | ६७३ |
| ५ बर्ष | १६२१ | ८७८ | ७४३ |

| | | | |
|---|---|---|---|
| ५-९ बर्ष | ७२४८ | ३८८५ | ३३६३ |
| १०-१२ बर्ष | ४३६४ | २२८९ | २०७५ |
| ५-१२ बर्ष | ११६१२ | ६१७४ | ५४३८ |
| १३-१४ बर्ष | २५०५ | १२९८ | १२०७ |
| १५-१६ बर्ष | २६०९ | १३१६ | १२९३ |
| १३-१६ बर्ष | ५११४ | २६१४ | २५०० |
| १७-२१ बर्ष | ६५७७ | ३३०९ | ३२६८ |
| १७-६५ बर्ष | ३७५५१ | १७७२० | १९८३१ |
| २२-६५ बर्ष | ३०८७४ | १४४११ | १६५६३ |
| ६६+ बर्ष | ३१०९ | १६१५ | १४९४ |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*



### (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

गोलबजार नगरपालिकाका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरू रहेका छन् । यहाँ बसोबास गर्ने जातिहरू कोइरी/कुशवाहा, यादव, मुसहर, मुस्लिम, चमार हरिजन, तेली, तामाङ, मगर, सुडी, मलाह, सुसाद, हलुवाइ, धानुक, कामी, नेवार, दनुवार, क्षेत्री, तत्मा, गडेरी, केवट, कुर्मी, राई, ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, दमाई, कामी, सार्की, लिम्बु, भुजेल र माझी हुन् । यहाँ मैथिली, नेपाली, तामाङ्ग, मगर, झाँगर मातृभाषा बोलिन्छन् । यो स्थानीय तहमा हिन्दू, किराँत, बौद्ध, क्रिश्चियन, इस्लाम धर्मावलम्बीहरू बसोबास गर्छन् भने उनीहरूले दशैं, तिहार, छठपर्व, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, ल्होसार जस्ता चाडपर्वहरू मान्ने गर्दछन् । यस पालिकाभित्र अनेकतामा एकता कायम रहेकोछ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

### (घ) आर्थिक अवस्थाको विश्लेषण:

गोलबजार नगरपालिकामा बसोबास गर्ने जातजातिहरु विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूनमा संग्लग्न रहेको पाइएकोछ । यहाँका मानिसहरूको आर्थिक स्तर माथि उकास्न कृषि पेशा, पशुपालन, ब्यबसाय गर्ने गरेको छ । बजार क्षेत्रमा चामल उद्योग, दूध डेरी उद्योग, चिउरा उद्योग, गार्मेन्ट उद्योग, माटोको भाडा बनाउने उद्योग, कृषि जन्य उपकरण उद्योग, स्टील उद्योग जस्ता उद्योगहरूमा संलग्न रहेका छन् । कृषिमा प्रमुखबाली धान, गेहुँ, मकै, उखुँ, बदाम, मुसुरी तरकारी रहेका छन् । उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका आलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ ।

### (ङ०) शैक्षिक अवस्थाको विश्लेषण:

गोलबजार नगरपालिकाको शैक्षिक अबस्थाको अध्यन गर्दा यँहा जम्मा ६६ वटा बालबिकस र शिक्षा केन्द्र रहेकोछ जसमा ८ वटा समुदायमा आधारित छ भने ५८ वटा बिध्यलायामा आधारित रहेको छ । यस पालिकामा जम्मा ६२ वटा बिध्यलयहरु रहेकाछन । जसमा ८ मदरसा गरि ३५ वटा सामुदायिक बिद्यालय र २७ वटा संस्थागत बिद्यालय छन् । सामुदायिक बिद्यालयमा ३५ मध्ये १-५ को २१ वटा , १-८ को आधारभूत तहको बिद्यालय ६ वटा, त्यसैगरी माध्यमिक १-१० को ४ र १-१२ को ४ गरि जम्मा ३५ वटा रहेको छ । यस पालिकामा १ वटा प्राबिधिक धारको बिद्यालय पनि रहेकोछ । गोलबजार नगरपालिकाको कुल जनसख्या ६३८८५ छन् जसमा पुरुष ३१६११ र महिला ३२२७४ रहेको छ । यँहाको कुल साक्षरता दर ६७.५० रहेको छ भने पुरुष साक्षरता दर ७५.६३ र महिला साक्षरता दर ५९.६८ रहेकोछ । जातिगत हिसाबले साक्षरता दर हेर्दा पहाडी जातिहरुको साक्षरता दर ८०.८ प्रतिशत छन् । मधेशी तराई जातिहरुको साक्षरता दर ७३.८ छ, त्यसैगरि पहाडे जनजातिहरुको साक्षरता दर ७३.९ र तराई जनजातिहरुको साक्षरता दर ६९.४ रहेकोछ र दलित समुदायको साक्षरता दर हेर्दा पहाडे दलितको साक्षरता दर ६९.५ र तराई दलित को ४६.२ रहेकोछ । गोलबजार नगरपालिको शैक्षिक क्षेत्रको माग र आवश्यकतालाई मध्यनजर गर्दै यस क्षेत्रलाई शैक्षिक हवको रूपमा रूपान्तरण गर्न सभ्य, शिक्षित, प्रविधि र रोजगार उन्मुख, सुखी तथा समृद्ध समाजमा रूपान्तरण गर्न यस योजनाको विकास गर्दा परिवर्तनको सिद्धान्तलाई आत्मसात् गरिएको छ ।

गोलबजार नगरपलिको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गरी उपलब्धि अवस्थाका आधारमा विद्यमान समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समग्र विश्लेषण गरी चुनौतीहरूको पहिचान यस योजनाको पहिलो परिच्छेदमा गरिएको छ भने प्रत्येक उपक्षेत्रको अलग-अलग विस्तृत रूपमा वर्तमान अवस्थाको विश्लेषण गरी समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । समग्रमा विद्यालय शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गरी गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने र विद्यालय तहको शिक्षामा समता तथा समावेशिताको प्रत्याभूति गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त गर्न अझै पनि चुनौतीहरू रहेका छन् ।

**नीतिगत प्रवन्ध**

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रूपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ । त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकारहरु प्रदान गरे अनुरूप गोलबजार नगरपलिकाको शैक्षिक गुणस्तर घोषणा पत्र २०७६, दिवा खाजा कार्यविधि, २०७७ निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**उपलब्धिको अवस्था**

फ्ल्यास रिपोर्ट २०८० अनुसार यस गोलबजार नगरपालिकाको बालविकास र शिक्षामा कुल भर्नादर ९२. प्रतिशत रहेको छ भने४ वर्षका बालबालिकाको खुद भर्ना दर ५८.३ छ र कक्षा १ मा बालविकासको अनुभब लिएर भर्ना हुने दर ५९.४ रहेकोछ । त्यसैगरी कक्षा १ को कुल भर्ना ९२.९ र खुद भर्ना ५८.३ रहेकोछ । आधारभूत तह कक्षा १-५ को कुल भर्ना १५६.५ र खुद भर्ना ९५.२ छ । आधारभूत तह कक्षा १-८ को कुल भर्ना १४६.१ र खुद भर्ना ९५.३ रहेकोछ । माध्यमिक तह कक्षा ९-१० को कुल भर्ना ११२.६ र खुद भर्ना ७९.७ रहेकोछ ।माध्यमिक तह कक्षा ९-१२ को कुल भर्ना ८२.८ र खुद भर्ना ५५.६ रहेको छ भने कक्षा ८ को टिकाउ दर ८७.७ रहेकोछ ।

सिकाइ उपलब्धि तुलनात्मक रूपमा संस्थागत विद्यालयको राम्रो देखिन्छ तर नेपाली र विज्ञान विषयको सिकाइ उपलब्धि सामुदायिक विद्यालयको राम्रो रहेको छ । गोलबजार नगरपलिकाको विगत वर्षहरूको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०७७ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरूको भन्दा हालको उपलब्धि स्तर क्रमशःसुधार हुँदै गैरहेको पाएकोछ ।

**विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन**

विद्यालय क्षेत्र विकास योजना (२०७८-२०७३)र विद्यालय शिक्षा क्षेत्र योजना २०२२/२३ देखी २०३१/३२ ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरू परिकल्पना गरी अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले

गोलबजार नगरपलिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी चालेता पनि अझै कक्षा ५, ८ र १० को टिकाउ र उतीर्ण दर बढेको छैन भने कक्षा दोहोऱ्याउने र छोड्ने दर घटेको छैन।

**दीगो विकास लक्ष्यहरु**

दीगो विकास लक्ष्य सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहन गर्ने लक्ष्य पुरा गर्न न्पाल सरकारले सन् २०१५ मा दक्षिण सबैका “ ४ .को लक्ष्य नं (२०३०-२०१५) लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने ” लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको कार्यक्रम ”दीगो विकासका लागि शिक्षा“ र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरूप उक्त लक्ष्य नं ४ हासिल गर्न . गोलबजार नगरपलिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस नगरपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना )२०२४-२०३३तयार गरी कार्यान्वयनमा ( ल्याउन प्रयासरत छ।

## १.२ मुख्य समस्याको विश्लेषण

गोलबजार नगरपलिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरू निम्नानुसार छन् -

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा कठिनाई हुनु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

## १.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस गोलबजार नगरपालिकाको शिक्षा क्षेत्रको सबल पक्ष, अवसर, चुनौती र सुधार गर्ने पक्षलाई तल विश्लेषण अनुसुची ३ मा गरिएको छ।

## १.४ अवसर

माथि उल्लेख गरिएका चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरू रहेका छन् -

१. विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने ।
२. स्थानीय पाठयक्रम तथा पाठ्यपुस्तकको ब्यबस्थानमा स्थनीय निकाय अग्रसर रहेको ।
३. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको ।
४. विकासको लक्ष्य प्राप्तिकालागि द्वीपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको ।
५. शैक्षिक अभियन्ताहरूको अग्रसरता रहेको ।
६. सुचना तथा संचार प्रविधिको बिस्तारको लागि स्थानीय निकाय सकारात्मक रहेको ।
७. शिक्षकको ब्यबस्थापन तथा बिषयगत शिक्षक ब्यबस्थापनमा स्थानीय तहको अग्रसरता रहेको ।
८. शिक्षामा स्थानीय सरकारको राजनीतिक रूपमा सहभागी देखिएको ।

# परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहको योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता हो। नेपालको संविधानको मौलिक हक अन्तर्गत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको (ज) शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय मानब श्रोतका लागि भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना सन्)२०२४-२०३३तयार गरिएको छ (।

विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्त्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजना तयार गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरी महत्त्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरूप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना सन्)२०२४-२०३३निर्माण गर्नु सान्दर्भिक देखिन्छ (।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा यस गोलबजार नगरपालिकाले वि .सं.२०९० सन्) २०३३सम्ममा ( प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

### २.२ गोलबजार नगरपालिकाको दुरदृष्टि

सभ्य, साक्षर, तथा शिपयुक्त जनशक्तिको माध्यमवाट आर्थिक तथा सामाजिक रुपान्तरण गरि सुखी र सम्बृद्ध गोलबजार बनाउन योगदान गर्ने ।

### २.३ लक्ष्य

गोलबजार नगरपालिकाले गुणस्तरीय शिक्षाको माध्यमबाट शिपयुक्त जिवान उपयोगी दक्ष जनशक्ति उत्पादन गरि सामाजिक मूल्य मान्यताप्रति सचेत तथा समता र समबेसितालाई अंगिकार गरी सचेत नागरिक तयार गर्ने ।

### २.४ उद्देश्य

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु ।

५. विद्यालयहरूमा सुशासन प्रबर्द्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।

६. विद्यालयलाई भय, विभेद र दुर्व्यहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री, अपांगता मैत्री तथा लैगिक मैत्री वातावरण प्रदान गर्नु ।

७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु ।

१०. शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता र दरवन्दी मिलान गरेर शिक्षक र प्रधनाध्यापकको उचित व्यवस्थापन गर्नु ।

११. अभिभाबक शिक्षामा जोड दिई, सामुदायिक बिद्यालय तथा शिक्षक अभिभाबक संघ को सक्रिता बढाउनु

### २.५ रणनीति

१. सबै बालबालिकाहरूको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउन पालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री, अपांगमैत्री तथा लैगिकमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरूमा जोड दिने ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरूमा जोड दिने ।

४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूनर्वितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने ।

५. विद्यालयहरूमा सुशासन प्रबर्द्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरूमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रबर्द्धन मापक सूचकहरू निर्धारण गरी सुशासन प्रबर्द्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका लागि सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने ।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्त्व दिने ।

### २.६ कार्यनीति

यस गोलबजार नगरपालिकाको शिक्षाको कार्यनीति यस प्रकार हुनेछन :

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठयपुस्तक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिइ विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सुनिस्चित गर्न अपांगता भएका तथा सामाजिकरूपमा पछाडि परेको बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**२.७ अपेक्षित मुख्य उपलब्धिहरु**

शिक्षा क्षेत्रको योजनाको अन्त्य सन्)२०३३ सम्ममा निम्नानुसारको मुख्य उपलब्धि ( प्राप्त हुने अपेक्षा गरिएको छ -

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुनेछ ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ ।
४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुनेछ ।
५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू, स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्त्वपूर्ण साधन भएको हुनेछ ।
६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।
७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुनेछ ।
९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुनेछ ।
१०. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था हुनेछैन ।
११. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।
१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रबर्द्धन भएको हुनेछ ।
१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।
१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण र सोहि अनुसार स्थानीय तहले बजेट बिनियोजन गरेको हुनेछ ।

**२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

गोलबजार नगरपालिकाको १०वर्षे शिक्षा क्षेत्रको योजना सन्)२०२४-२०३३का मुख्य कार्य सम्पादन सूचक तथा ( परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारणगरिएको छ -

## मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८० को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८५ | २०९० |
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ९२.८ | १०० | १०५ |
| १.२ | चार वर्षका बालबालिकाहरूको भर्ना अनुपात | ५८.३ | ९० | १०० |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ५९.४ | ९० | १०० |
| **२. आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १३२.२ | १०६ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९५.९ | ९९ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १५६.५ | ११२ | १०७ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९५.२ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १४६.१ | ११५ | ११० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.३ | ९९ | १०० |
| २.७ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | ०.९८ | १. | १. |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८७.७ | ९८.९ | ९९.५ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७६.१ | ९८.७ | ९९ |
| २.१० | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | १ | ० |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ११२.६ | १०५.९ | १०९ |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ७९.७ | ८१.४ | ९६.४ |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ८२.८ | ९१.६ | ९७ |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ५५.६ | ५८.१ | ७२.१ |
| ३.५ | कुल भर्नादर कक्षा ११ -१२ | ५१.१ | ७७.३ | ८५.८ |
| ३.६ | खुद भर्नादर कक्षा ११ -१२ | ३०.१ | ४०.१ | ६२.२ |
| ३.७ | कक्षा १० सम्म को टिकाउ दर | ६४.२ | ९७.९ | ९९ |
| ३.८ | कक्षा १२ सम्म को टिकाउ दर | २४ | ३५.४ | ५२.३ |
| ३.९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | १.०१ | १. | १. |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ९६ | १०० |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९२ | ९९ | १०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | ९५ | १०० |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभूत तह | २७.२७ | ५० | १०० |
| ५.२ | माध्यमिक तह | ११.११ | २५ | ३० |
| **६. प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | ६० | ९० |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | ७० | ९५ |
| ६.३ | माध्यमिक विद्यालय | | ६० | ९० |

# परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु

## परिचय

गोलबजार नगरपालिकाले निर्माण गरिएको यस शिक्षा क्षेत्रको योजना सन् २०२४-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र उपलब्धिहरू आकलन गरी पहिलो पाँच वर्षका अर्थात् सन् २०२४-२०२८ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू : बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरी उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ बालविकास र शिक्षा

### परिचय

बालविकास र शिक्षा भन्नाले कक्ष १ मा भर्ना हुनु भन्दा अगाडी ४ बर्षका बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गरि बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्ने र कक्षा १मा भर्नाको लागि तयार गरिने शिक्षा हो। नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागित हक हुनेछ।" साथै शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका लागि सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौ योजना २०८१ देखी २०८५ को योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र

पर्दछ । यसै कुरालाई मध्यनजर गरेर गोलबजार नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरूप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ बालविकास तथा शिक्षाको वर्तमान अवस्था

गोलबजार नगरपालिकामा बिद्यालयमा आधारित ५८, समुदायमा आधारित ८ र निजी २७ गरि जम्मा ९३ वटा बालविकास केन्द्रहरु संचालनमा रहेकोछ । जसमा बालक १७९१ र बालिका १३९९ गरि जम्मा ३१९० जना अध्ययन गरिरहेका छन् । समुदाय र बिद्यालयमा आधारित जम्मा ६६ बालविकास केन्द्रहरुमा ६६ जना सहजकर्ताहरु कार्यरत छन् र उनीहरुले आधारभूत शिक्षणसम्बन्धी ज्ञान लिएर केन्द्र संचालन गरिरहेका छन् । फ्ल्यास रिपोर्ट २०८० अनुसार बाल विकास केन्द्रको कुल भर्ना दर ९२.८ प्रतिशत रहेकोछ जसमा बालक ९१.४ र बालिका ९४.७प्रतिशत रहेकोछ । त्यसैगरी बाल विकास केन्द्रमा खुद भर्ना दर ५८.३ प्रतिशत रहेको छ जसमा बालक ५४.५ प्रतिशत र बालिका ६३.६ प्रतिशत छ । बाल बिकास केन्द्र को अनुभब लिएर कक्षा १ मा भर्ना दर जम्मा ५९.४ प्रतिशत रहेको जसमध्ये केटा ५७.४ प्रतिशत र केटी ६१.९ प्रतिशत छ । बाल बिकास केन्द्रमा शिक्षक र बालबालिकाको अनुपात १:३४ रहेको छ । बाल बिकास केन्द्रमा अपांगता भएका ४ जना बालबालिका छन् जसमा २ केटा र २ केटी रहेकाछन् । प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक १.०५ रहेको छ ।

प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरूमध्ये १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये अण्डर एस.एल.सी. योग्यता हुने सहजकर्ता २ जना, एस. एल. सी. ३० जना र बाँकि प्रवीणता प्रमाणपत्र तह तथा सो भन्दा माथि योग्यता भएका सहजकर्ताहरू कार्यरत रहेका छन् । यसरी हेर्दा यस नगरपालिकामा कार्यरत सबै सहजकर्ताहरू नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा गरेको देखिन्छ । कार्यरत बालविकास सहजकर्ताहरू मध्ये १५ जना सहजकर्ता तालिम प्राप्त गरेको देखिन्छ । भौतिक रूपमा हेर्दा प्रारम्भिक बालविकाससम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका, २०६७ (पहिलो संशोधन २०७५) अनुसार यस पालिका अन्तर्गत १५ वटा बालविकास केन्द्रको न्यूनतम् मापदण्ड पुरा गरेको देखिन्छ । प्राय बालविकास केन्द्रहरू बालमैत्री, अपाङ्गता मैत्री, लैङ्गिक मैत्री पूर्णरुपले बन्न सकेका छैनन् । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल बढाई पेशामा क्रियाशील बनाउन पारिश्रमिकमा न्यूनता छ भने अर्कातिर उनीहरूका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

**<u>प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु</u> -**

१. ३६ वटा प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।
२. बाल विकास केन्द्रमा खुद भर्ना दर ५८.३ प्रतिशत मात्र भएको ।
३. ६० प्रतिशत सहजकर्ताहरुलाई क्षमता बिकासको आबश्यकता भएको ।
४. सहजकर्ताहरुको पारिश्रमिक वृद्धिवृत्ति विकास र क्षमता विकासमा न्यूनता रहेको ।
५. बालिका तथा समावेशी शिक्षा कार्यान्वयन नभएको ।
६. निश्चित र स्थानीय परिवेश तथा बहुभाषिक पाठयक्रमको निमार्ण नभएको ।
७. पोषण, स्वस्थ दिवा खाजाको उचित व्यवस्थापन नभएको ।
८. अभिभावकको सहभागितामा कमी भएको ।

### ३.१.२ उद्देश्य

यस गोलबजार नगरपालिकाका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेका छन -

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्नु ।
२. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।
३. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
४. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।
५. अभिभावक सहभागितालाई वृद्धि गराउनु ।
६. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामुलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।

### ३.१.३ रणनीतिहरू

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
२. बालविकास केन्द्रको नक्साकङ्कन र पुननर्वितरण गरी गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइनेछ ।
३. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ ।
४. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन प्रत्येक वर्ष २ पटक अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
५. भौगोलिक बसोबासका अधारमा अपाङ्गता भएका बालबालिका तथा सिमान्तकृत बालबालिकाको पहुँच सुनिश्चत गर्ने ।
६. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता बृद्धि गर्ने ।
७. प्रारम्भिक बालविकास शिक्षकको क्षमता अभिबृद्धि गर्न टी. पी. डी. १ र २ सञ्चालन गर्ने ।
८. बालविकास केन्द्रको भित्री र बाह्य संरचना शैक्षिक गुणस्तरीय र समावेशी बनाउने ।
९. प्रारम्भिक बालविकास शिक्षालाई राष्ट्रिय पाठयक्रम प्रारुपमा आधारित गराई न्यूनत्तम सिकाई कार्य घण्टा सुनिश्चित गर्ने ।

### ३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धि**

१. गोलबजार नगरपालिकाका सबै बालबालिकाले गुणस्तरीय, समावेशी, बालमैत्री तथा पहुँचयोग्य प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्त गरेका हुनेछन्।

२. नगरपालिकाअन्तर्गतका सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम राष्ट्रिय मापदण्ड पूरा गरी सुरक्षित, बालमैत्री तथा सिकाइमैत्री वातावरणमा सेवा सञ्चालन गरेका हुनेछन्।
३. प्रारम्भिक बालविकास तथा शिक्षामा बालबालिकाको नियमित सहभागिता, सिकाइ तथा सर्वाङ्गीण विकासमा सुधार भएको हुनेछ।
४. प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा आवश्यक शैक्षिक सामग्री, खेल सामग्री, सुरक्षित पूर्वाधार तथा दक्ष जनशक्तिको सुनिश्चितता भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ३१९५ | ३२५० | ३३१० | ३३७० | ३४३० | ३४९० |
| २ | न्यूनतम मापदण्ड पुरा गरेको बालविकास केन्द्रको सङ्ख्या | ४५ | ४८ | ५२ | ५५ | ५८ | ६६ |
| ३ | नयाँ बालविकास केन्द्र स्थापना | ० | २ | ३ | ३ | आबस्यकता अनुसार | आबस्यकता अनुसार |
| ४ | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ |
| ५ | अभिभावकहरुलाई सचेतना | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ |

**३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका,२०६७ अनुसार मापदण्ड पुरा गरेको संख्या | वटा | ४८ | ५२ | ५५ | ५८ | ६६ | ६६ | प्रदेश/ नगरपालिका/ संघ संस्थाहरु |
| २ | बालविकास सहजकर्ताका लागि टी. पी.डी. १ र २ तालिम | पटक | १ | | | १ | | २ | संघ/नगरपालिका/संघ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | संस्थाहरु |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | १ | | १ | | २ | नगरपालिका |
| ४ | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ५ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | बालविकास | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ | संघ |
| ६ | शिक्षक सहयोगी कार्यकर्ताको पुनर्ताजगी तालिम | संख्या | १ | | | १ | | २ | प्रदेश/ नगरपालिका |
| ७ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | संख्या | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ | विद्यालय |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय सरोकारवाला |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षामा खानेपानी र शौचालय ब्यबस्थापन | वटा | १ | १ | १ | १ | १ | १0 | प्रदेश/ नगरपालिका |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना अभियान र स्वागत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |

## ३.२ आधारभूत शिक्षा

### परिचय

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा " भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६ देखि २०७२ ले विधालय शिक्षाको पुर्नसंरचना गरेर कक्षा १- ८ लाई आधारभूत शिक्षा, कक्षा ९- १२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि गोलबजार नगरपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.१. वर्तमान अवस्था

गोलबजार नगरपालिकामा जम्मा ६२ वटा विद्यालय रहेका छन्। जसमा सामूदायिक विद्यालय ३५ र निजि विद्यालय २७ वटा रहेका छन्। यस नगरपालिकामा आधारभूत तह १ – ५ को २४ वटा र १– ८ को ७ वटा गरि जम्मा ३१ वटा सामूदायिक आधारभूत विद्यालय रहेका छन्। त्यसै गरि निजी विद्यालय तर्फ आधारभूत विद्यालयहरु जम्मा १४ वटा रहेका छन्। फल्यास रिपोर्ट २०८० अनुसार यस पालिकामा कक्षा १–८ सम्मको खुद भर्नादर ९५.३ प्रतिशत रहेको छ भने कुल भर्ना १४६.१ प्रतिशत रहेको छ। त्यस्तै कक्षा ८ सम्मको टिकाउ दर छात्रा ८८.५ प्रतिशत र छात्र ८७.१ प्रतिशत रहेको छ । यस नगरपालिकामा २०८० को फल्यास रिपोर्ट अनुसार आधारभूत तहमा जनजाती विद्यार्थीको संख्या ११४२ जना, दलित विद्यार्थी संख्या २६१७ जना र मधेशी (अन्य) विद्यार्थी संख्या २२६३ जना रहेका छन्। यस नगरपालिकाको कषा १-५ को विद्यालय छाड्ने दर ४.४ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.३ प्रतिशत रहेका छन्। यस नगरपालिकामा कक्षा दोहर्याउने दर १-५ कक्षाको ९.५ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ४.२ प्रतिशत रहेका छन्।

आधारभूत तह कक्षा १.८ मा एस्-एल योग्यता भएका .सी.१४ जना, आइ योग्यता भएका .एड.३६ जना र स्नातक योग्यता भएका ५७ जना र स्नातकोत्तर योग्यता भएका ६ गरी जम्मा १३२ जना दरवन्दीमा कार्यरत रहेको वर्तमान अवस्था छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूमा तहगत रूपमा सबै शिक्षकहरूको न्यूनतम् योग्यता पूरा भएको देखिन्छ। पेशागत तालिम प्राप्त कूल शिक्षक ८६.३६ प्रतिशत रहेकोले बाँकी रहेका शिक्षकका लागि तालिममा जोड दिनुपर्ने देखिन्छ।

**आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरू -**

१. ३१ वटै सामूदायिक आधारभूत विद्यालयमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
२. खुद भर्ना दर ९५.३ बाट बृधि गर्नु पर्ने ।
३. सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
४. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री बनाउने ।
५. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
६. प्रकोप जोखिमको समयमा बालबालिकाकोस सिकाई निरन्तरता दिने ।
७. सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।

**३.२.२ उद्देश्य**

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने ।
३. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरी बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु ।

**३.२.३ रणनीतिहरु**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
२. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
४. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
५. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
६. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।

७. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।

८. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।

११. स्थानीय पाठ्यक्रम मार्फत बहुभाषिक र प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने ।

१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।

**३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु**

**क) उपलब्धिहरु**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिमैत्री पहुँच, अर्थपूर्ण सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित भएको हुनेछ।

२. आधारभूत तहमा विद्यार्थीको नियमित उपस्थिति, टिकाउ दर तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

३. आधारभूत शिक्षामा समता, समावेशिता र बालमैत्री सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।

४. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमार्फत शिक्षण–सिकाइ प्रक्रिया थप प्रभावकारी र गुणस्तरीय भएको हुनेछ।

## ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| २ | आधारभूत तह ( कक्षा १-८) मा बिधार्थी सङ्ख्या | २२११६ | २२५४८ | २२९८० | २३४१२ | २३८४४ | २४२७६ |
| ३ | तालिम प्राप्त शिक्षकको सङ्ख्या | ११६ | ११६ | ११६ | ११६ | ११६ | ११६ |
| ४ | महिला शिक्षक संख्या | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ |
| ५ | स्थानीय पाठ्यक्रम २०८० को कार्यान्वयन | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ६ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्र | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |

## ३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | | | १ | ३ | नगरपालिका, संघ |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | १५६ | १५१ | १४६ | १४१ | १३६ | १०० | नगरपालिका, संघसंथा |
| ४ | विद्यालयमा न्यूनतम भौतिक | संख्या | | २ | ४ | ५ | ५ | १६ | नगरपालिका, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार विकास | | | | | | | संघ, प्रदेश |
| ५ | स्थानीय पाठ्यक्रम २०८० को कार्यान्वयन | कक्षा | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | नगरपालिका |
| ६ | प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति योजना तयार गरी कार्यान्वयन | पटक | | १ | | | | १ | नगरपालिका, प्रदेश |
| ७ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र नगरपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | नगरपालिका, संघ |
| ९ | विद्यालय पोषण,  स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, संघ |
| १० | अपाङ्गताभएकाहरुको प्रारम्भिक पहिचान गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | संघ र नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी  पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ र नगरपालिका |
| १२ | एकीकृत पाठयक्रम सम्बन्धि (कक्षा १-३) का शिक्षकलाई क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ र नगरपालिका |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ६ | ६ | ६ | ६ | ७ | ३१ | नगरपालिका |
| १४ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ६ | ५ | ५ | ५ | ३१ | नगरपालिका, प्रदेश |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

शिक्षा ऐन २०२८ ले कक्षा ९ १२ सम्मलाई माध्यमिक शिक्षाको-रूपमा राखेको छ । नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । गोलबजार नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

### ३.३.१ वर्तमान अवस्था

गोलबजार नगरपालिकामा हाल कक्षा १–१० सम्म सञ्चालन भएका ३ वटा र कक्षा १–१२ सम्म सञ्चालन भएका ४ वटा गरी जम्मा ७ वटा माध्यमिक विद्यालय रहेका छन्। तीमध्ये २ वटा विद्यालयमा प्राविधिक धारअन्तर्गत पशु विज्ञान तथा इलेक्ट्रिकल इन्जिनियरिङ विषयको अध्ययन–अध्यापन भइरहेको छ। कक्षा ११–१२ मा शिक्षा, व्यवस्थापन (वाणिज्य) तथा विज्ञान विषयको अध्ययन–अध्यापन सञ्चालनमा रहेको छ।

नगरपालिका भित्र माध्यमिक तह कक्षा ९–१२ मा प्राविधिक धारसमेत गरी जम्मा ४० जना शिक्षक कार्यरत रहेका छन्। तीमध्ये ३० जना शिक्षकले स्नातक तह र १० जना शिक्षकले स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेका छन्। कक्षा ९–१२ मा जम्मा १,४३० जना विद्यार्थी अध्ययनरत रहेका छन्। जसमध्ये कक्षा ९–१० मा छात्रा ६१९ र छात्र ५७७ गरी जम्मा १,१९६ जना तथा कक्षा ११–१२ मा छात्रा १२१ र छात्र ११३ गरी जम्मा २३४ जना रहेका छन्। यस आधारमा माध्यमिक तहको शिक्षक–विद्यार्थी अनुपात करिब १:३६ रहेको छ।फ्ल्यास/EMIS तथ्याङ्कअनुसार नगरपालिकाको माध्यमिक तहको कुल भर्नादर १४६ प्रतिशत र खुद भर्नादर ६७.५ प्रतिशत रहेको छ। सामाजिक समूहअनुसार माध्यमिक तहमा जनजाति विद्यार्थी २३७ जना रहेका छन्, जसमा छात्रा १२९ र छात्र १०८ जना छन्। त्यसैगरी दलित विद्यार्थी ३१० जना रहेका छन्, जसमा छात्रा १६६ र छात्र १४४ जना छन्। मधेसी (अन्य) समूहका छात्र–छात्रा ८३३ जना रहेका छन्। EMIS विवरणअनुसार हालसम्म अपाङ्गता भएका विद्यार्थीको संख्या अभिलेखित नभएको देखिन्छ। यसले अपाङ्गता भएका बालबालिकाको पहिचान, अभिलेखीकरण तथा समावेशी शिक्षामा थप ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

कर्जन्हा नगरपालिकाका ७ वटै माध्यमिक विद्यालयमा विद्यालय सुधार योजना (SIP) तथा EMIS अद्यावधिकको कार्य नियमित रूपमा भइरहेको छ। सबै ७ वटा माध्यमिक विद्यालयमा बाल क्लब गठन भए पनि तिनको नियमित पुनर्गठन तथा सक्रिय परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैगरी ४ वटा माध्यमिक विद्यालयमा पुस्तकालयको व्यवस्था रहेको भए पनि उपलब्ध पुस्तकालयलाई थप व्यवस्थित, स्रोतसाधनयुक्त तथा विद्यार्थीको सिकाइसँग जोडेर प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ।भौतिक पूर्वाधारको अवस्थालाई हेर्दा ७ वटा माध्यमिक विद्यालयमध्ये ३ वटा विद्यालयमा भौतिक पूर्वाधार अपर्याप्त रहेको छ। बाँकी ४ वटा विद्यालयमा आवश्यक कक्षाकोठा, छात्र तथा छात्राका लागि छुट्टाछुट्टै शौचालय र स्वच्छ खानेपानीको व्यवस्था रहेको छ। साथै, १ वटा विद्यालयमा अपाङ्गतामैत्री भौतिक संरचना रहेको छ। यसबाट सबै माध्यमिक विद्यालयमा पर्याप्त, सुरक्षित, समावेशी तथा अपाङ्गतामैत्री पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता देखिन्छ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. खुद भर्नादर ६७.५ प्रतिशत मात्र हुनु।
२. ३ वटा विद्यालयहरुमा अपर्याप्त भौतिक संरचना हुनु।
३. माध्यमिक तहका ३० प्रतिशत शिक्षकहरु पेशागत तालिम प्राप्त नहुनु।
४. अपाङ्गता भएका बालबालिकाहरुको पहिचान हुन नसक्नु र विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री नहुनु।
५. १ वटा विद्यालयमा विद्यालय व्यवस्थापन समिति र ५ वटा विद्यालयमा PTA गठन हुन नसक्नु।
६. ७ वटा माध्यमिक विद्यालयहरुमा बाल क्लव पुर्नगठन हुन नसक्नु।
७. ४ वटा विद्यालयमा व्यवस्थित पुस्तकालय नहुनु।
८. माध्यमिक तहका ७ वटै विद्यालयमा गुनासो सुनुवाई समिति गठन नहुनु।
९. निःशुल्क माध्यमिक शिक्षा सबैमा पहुँच योग्य बनाई कार्यान्वयन नहुनु।
१०. विद्यार्थीको सिकाइ गुणस्तर र सिकाइ उपलब्धिमा कमि हुनु।
११. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउन नसक्नु।
१२. विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम मानवस्रोत व्यवस्थापन नहुनु।

### ३.३.२. उद्देश्यहरु

१. माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउनु।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी प्रतिस्पर्धी सीपयुक्त एवं उत्पादनसिल जनशक्ति विकास गर्नु।

### ३.३.३ रणनीतिहरु

<u>योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ:</u>

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरिनेछ ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिने छ ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारका विद्यालयहरुमा गुणस्तरीयता लागि आवश्यक सहयोग गरिनेछ ।
४. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ ।
५. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरिनेछ ।
६. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री बनाइनेछ ।
७. एउटा सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।
८. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

२. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१० ) मा भर्ना भएका विधार्थी सङ्ख्या | २५६० | २६१० | २६६० | २७१० | २७६० | २८१० |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएको विधार्थी सङ्ख्या | १३६८ | १३९५ | १४२२ | १४४९ | १४७६ | १५०३ |
| ३ | बिज्ञान बिषयमा अध्यनरत विधार्थी सङ्ख्या | ६० | ६१ | ६२ | ६३ | ६४ | ६५ |
| ४ | न्यूनतम सिकाइ सवलिकरण मापदण्ड (MEC) पुरा गरेका माध्यमिक विधालय सङ्ख्या | ४ | ० | १ | १ | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर | ६७.५ | ७०.५ | ७३.५ | ७६.५ | ७९.५ | ८५.० |
| ६ | माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार | १ | ० | १ | ० | ० | ० |
| ७ | विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग | ६ | ० | १ | ० | ० | ० |
| ८ | बाल क्लव पुर्नगठन | ० | ७ | ० | ० | ० | ० |
| ९ | पुस्तकालय व्यवस्थापन तथा परिचालन | ४ | १ | १ | ० | १ | ० |
| १० | गुनासो सुनुवाई समिति गठन तथा परिचालन | ० | ४ | ३ | ० | ० | ० |
| ११ | माध्यमिक तहमा जम्मा शिक्षक | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | १ | ० | २ | नगरपालिका |
| २ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | ० | ० | १ | ० | ० | १ | नगरपालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | ० | १ | ० | ० | १ | नगरपालिका, संघ |
| ४ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, वास सहितको शौचालय, खानेपानीमा सुधार | पटक | ० | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | ० | १ | ० | ० | १ | प्रदेश/ नगरपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ० | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | तहगत तथा क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | ० | ० | ० | १ | ० | १ | नगरपालिका |
| ९ | प्रकोप तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतना | संख्या | ० | १ | १ | १ | १ | ७ | नगरपालिका |
| १० | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | संख्या | ० | २०० | २०० | २०० | २०० | ८०० | नगरपालिका |
| ११ | सिकाइ सामग्री व्यवस्थापन | पटक | ० | ४ | ३ | ० | ० | ७ | नगरपालिका |
| १२ | विद्यालय भर्ना तथा स्वागत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका, संघ संस्था |
| १३ | बाल क्लव पुर्नगठन | संख्या | | ५ | २ | | | ७ | नगरपालिका |
| १४ | पुस्तकालय व्यवस्थापन | संख्या | ३ | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ नगरपालिका |
| १५ | अभिभावक सचेतना कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | नगरपालिका |
| १६ | अपाङ्गता अल्पशंख्यक र पछाडिपरेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच विस्तार | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |

## ३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

### परिचय

बिद्यालय स्तरको शिक्षाले सीप सिकाउन सकेन र बेरोजगार उत्पादन गर्ने थलोमात्र भयो भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ। यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ। तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएकोआफैले केहि गर्न पुँजि लगायत अ ,उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको ,न्य अवरोधहरु रहेको , रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन्।

अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेशाव्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र , व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नरम सीपको विकास,विद्यार्थीहरुमा पेसामा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन। यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ। त्यस्ता व्यक्तिहरुका लागि नगरपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो।

### ३.४.१ वर्तमान अवस्था

यस गोलबजार नगरपालिका अन्तर्गत माध्यमिक तहमा १ वटा ९-१२ को प्राबिधिक बिद्यालयहरु रहेकाछन। जसमध्ये १ वटा विद्यालयहरुमा पशु विज्ञान र अर्कोमा इलेक्ट्रीकल इन्जिनियरिङ्ग विषयको अध्यापन भइरहेको छ। प्राविधिक धार अन्तर्गत बालबालिकाहरुको पढ्ने रुची बढी पाएकोछ।

**<u>प्राबिधिक शिक्षामा देखिएका विद्यमान चनौतीहरु:</u>**

१. प्राबिधिक विद्यालयले आधारभूत मापदण्ड पूरा गर्न नसकेको।
२. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित नभएको।
३. प्राविधिक धारतर्फको शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल हुन् नसकेको।
४. प्राविधिक धारतर्फको शिक्षा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण नभएको।
५. प्राविधिक धारतर्फको जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुननसकेको।

### ३.४.२. उद्देश्य

१. व्यवसायिक तथा प्राविधिक शिक्षामा सहभागी हुन् इच्छुक भएका किशोर किशोरी तथा युवा युवतिहरुलाई रोजगार तथा स्वरोजगार हुन र विद्यालय शिक्षाबाट बाहिर आएका तथा आउन सक्नेलाई लामो तथा छोटो अवधिको व्यवसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्ने।

### ३.४.३ रणनीति

१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर हाल संचालनमा रहेको १ वटा प्राबिधिक धारको बिद्यालयलाई ब्यबस्थित गर्ने ।

२. नगरपालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका श्रोतव्यक्तिबाट रोजगार परामर्स दिने व्यवस्था गर्ने ।

३. स्थानीय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजि व्यवस्था तथा अन्य काममा सहयोग गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१.प्राविधिक धारतर्फको शिक्षामा सबै विद्यार्थीको समान पहुँच र सहभागिता सुनिश्चित भई शिक्षाको सान्दर्भिकता, गुणस्तर तथा रोजगारमूलकता अभिवृद्धि भएको हुनेछ।

२.प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीमा सीप, दक्षता तथा उद्यमशीलताको विकास भई स्थानीय रोजगारीका अवसरसँग जोडिएको हुनेछ।

३.प्राविधिक धार सञ्चालन भएका विद्यालयमा आवश्यक जनशक्ति, प्रयोगशाला, उपकरण तथा पूर्वाधारको पर्याप्त व्यवस्था भएको हुनेछ।

४.स्थानीय आवश्यकता र श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक विषयको विस्तार र विविधीकरण भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | १२४ | १४७ | १५० | १५३ | १५६ | १५९ |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| 1 | माध्यमिक तहमा शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | पटक | ० | १ | ० | ० | ० | १ | नगरपालिका |
| 2 | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ५ | नगरपालिका CTEVT |
| 3 | बिधर्थिका लागि छात्रवृतिका अवसर | निरन्तर | ० | ० | ० | ० | ० | ० | नगरपालिका |
| ४ | प्राबिधिक शिक्षा संचालन गरेको बिद्यालयलाई आबश्यक भौतिक संरचना विस्तार | संख्या | ० | १ | | १ | ० | २ | संघ नगरपालिका |
| ५ | प्राबिधिक शिक्षा संचालन गरेको बिद्यालयलाई शैक्षिक सामग्री तथा पुस्तकालय ब्यबस्थापन | संख्या | ० | १ | ० | ० | १ | २ | संघ नगरपालिका |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

### परिचय

मानब जीवनमा सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरूमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरूको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। त्यसैले त् भन्छ अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो ।

औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दछ । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो । गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो ।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ को तथ्याँक अनुसार गोलबजार नगरपालिकामा ६७.५ प्रतिशत साक्षर रहेको छ जसमध्ये महिलाको साक्षता प्रतिशत ५९.७ र पुरुषको साक्षरता प्रतिशत ७५.६ प्रतिशत रहेको छ ।

राष्ट्रको साक्षरता प्रतिशत भन्दा कम साक्षता प्रतिशत गोलबजार नगरपालिकाको रहेको देखिन्छ । गोलबजार नगरपालिकामा अझै पनि ३२.५ प्रतिशत निरक्षर जनसंख्या रहेका छन् । प्रत्येक वडाहरूमा भएका निरक्षरहरूलाई साक्षर गराउन शिक्षा तथा मानव स्रोत विकास केन्द्र र गोलबजार नगरपालिकाको साझेदारीमा साक्षर कक्षा सञ्चालन गरी तोकिएको मापदण्ड अनुसार मूल्याङ्कन गरी गोलबजार नगरपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम रहेको छ ।

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छ -**

१. गोलबजार नगरपालिकामा अझै पनि ३२.५ प्रतिशत जनसंख्या निरक्षर हुनु ।
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सबैको सहज र सर्वसुलभ पहुँच नहुनु ।
३. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन नहुनु ।
४. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण, प्रबर्द्धन जस्ता क्रियाकलाप संचालन नहुनु ।
५. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न नसक्नु ।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदण्ड नहुनु ।
७. अनौपचारिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास नहुनु ।

### ३.५.२. उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ-

१. साक्षर गोलबजार नगरपालिकाको रूपमा विकास गर्नु ।
२. साक्षरतालाई सीपसँग आवद्ध गरी रोजगारका अवसर प्रदान गर्नु ।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्नु ।

### ३.५.३ रणनितिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ-

१. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रबर्द्धन एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदार संस्थाहरू परिचालन गरिनेछ ।
३. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै गरिनेछ ।
४. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो को रूपमा विकास गरिनेछ ।
५. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ ।

### ३.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरमा समान पहुँच सुनिश्चित भएको हुनेछ।

२. नगरपालिकाभित्र निरक्षरता दरमा उल्लेखनीय कमी आई साक्षर नागरिकको संख्या वृद्धि भएको हुनेछ।

३. महिला, दलित, जनजाति, विपन्न, सीमान्तकृत तथा अपाङ्गता भएका नागरिकका लागि लक्षित साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन भएको हुनेछ।

४. साक्षरता कार्यक्रममार्फत नागरिकमा आधारभूत पढाइ, लेखाइ तथा गणितीय सीपको विकास भएको हुनेछ।

५. नागरिकको दैनिक जीवन तथा रोजगारीसँग सम्बन्धित जीवनोपयोगी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि भएको हुनेछ।

६. विद्यालय बाहिर रहेका तथा शिक्षा पूरा गर्न नसकेका किशोर–किशोरी र युवाका लागि वैकल्पिक तथा निरन्तर सिकाइका अवसर सुनिश्चित भएको हुनेछ।

७. समुदायमा रहेका सामुदायिक सिकाइ केन्द्र तथा अन्य शैक्षिक संस्थाहरूलाई प्रभावकारी रूपमा परिचालन गरी निरन्तर सिकाइको वातावरण निर्माण भएको हुनेछ।

८. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत नागरिकका लागि सहज, पहुँचयोग्य तथा समयानुकूल सिकाइका अवसर विस्तार भएको हुनेछ।

९. साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमलाई स्थानीय आवश्यकता, सीप विकास, उद्यमशीलता तथा रोजगारीका अवसरसँग आबद्ध गरिएको हुनेछ।

१०. सबै उमेर समूहका नागरिकमा "सिकाइ जीवनभर चलिरहन्छ" भन्ने भावना विकास भई ज्ञान, सीप र क्षमतामा निरन्तर सुधार भएको साक्षर तथा सिकाइमैत्री समाज निर्माण भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर गोलबजारको घोषणा | ० | ० | ० | १ | ० | **नगरपालिका** |
| २ | साक्षर वडा घोषणा | ३ | ५ | ५ | निरन्तरता | निरन्तरता | नगरपालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | वडा कर्यालय |
| ३ | अनौपचारिक शिक्षा संचालन भएको केन्द्र सङ्ख्या | ० | ० | ० | ० | ० | संघ नगरपालिका |
| ४ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ३ | १ | ० | १ | ० | नगरपालिका |
| ५ | सामुदायिक पुस्तकालयको सङ्ख्या | २ | ० | २ | ० | २ | संघ नगरपालिका |
| ६ | विज्ञ समूह निर्माण र परिचालन | १ | ० | ० | ० | ० | नगरपालिका संघसंस्था |

### ३.५.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | १ | ० | ० | ० | ० | २ | नगरपालिका |
| २ | साक्षर गोलबजार | वडागत | ३ | ५ | ५ | | | १३ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | ० | १ | १ | ० | ० | २ | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | ० | ० | १ | | १ | २ | नगरपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | ३ | १ | १ | १ | १ | ७ | सा. सि.के. |
| ७ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | ० | ० | १ | ० | ० | १ | नगरपालिका |
| ८ | विज्ञ समूह निर्माण | पटक | १ | ० | ० | ० | १ | २ | नगरपालिका संघसंस्था |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू अन्तर्गत

## परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतका क्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । यसैगरी परिच्छेद चारमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम, बिद्यालय सुरक्षा, बिपत न्यूनीकरण तथा उत्थानशिलता, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सुचना तथा संचार प्रबिधिजस्ता खण्डहरुको अबधारणा, वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको तयार गरिएकोछ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### परिचय

वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरू, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरूप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रूपमा सान्दर्भिक र समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रूपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो ।

स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ ।

### ४.४.१. वर्तमान अवस्था

गोलबजार नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको छ। यस नगरपालिकाले यसै बर्ष देखि आधारभूत तह १-८ को लागि स्थानीय पाठयक्रम लागु गरेको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरूलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बन्धित बिषयबस्तुलाई एकिकृत गरि व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम, स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरूप हुने गरेको छ।

**पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकासमा सुधार गर्नु पर्ने।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्नुपर्ने।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु पर्ने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग हुनुपर्ने।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता हुनु पर्ने।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोगको व्यवस्था हुनु पर्ने।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयनमा जोड दिनु पर्ने।

### ४.१.२ उद्देश्यहरु

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध गोलबजार नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ४.१.३ रणनितिहरु

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ:

१. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिताका आधारमा निरन्तरता प्रदान गरिने छ ।
२. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध गोलबजार नगरपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखि नै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ ।
४. प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ ।
५. विपत्  महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाई सुधार गरिनेछ ।
९. कक्षा १-३ मा एकिकृत पाठयक्रमलाई कार्यान्वनमा जोड दिएनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धिहरु**

१  विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश गरिनेछ ।

२. स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुनेछ ।

### ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एककृत पाठ्यक्रम लागु गरेको विधालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| २ | परिक्षामा स्तारिकृत प्रश्न प्रयोग गर्ने विधालयसङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ५ | शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष गर्ने विधालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |

### ४.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष ) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| १.१ | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा / विषय | १-८ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| १.२ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा / विषय | १-८ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| १.३ | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा / विषय | १-३ | १ | १ | १ | १ | १ | नगरपालिका |
| १.४ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका | कक्षा / विषय | १-३ | १ | १ | १ | १ | १ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबोधिकरण | | | | | | | | |
| २. | विद्यार्थी मूल्याङ्कन | कक्षा / विषय | १-३ | १ | १ | १ | १ | १ | नगरपालिका |
| २.१ | नमुना साधन विकास | कक्षा / विषय | | १-३ | | | १-५ | | नगरपालिका |
| २.२ | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ३.१ | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | संख्या | ० | ० | ० | १ | ० | १ | नगरपालिका |
| ३.२ | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | कक्षा / विषय | ० | ० | ० | १ | ० | १ | नगरपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ |

## ४.२ शिक्षक, व्यवस्थापन र विकास

### परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रबर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस गोलबजार नगरपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.१ बर्तमान अवस्था

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी .एड. .एड.वा एम गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली (संशोधनसहित), २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वीगरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ.एड. । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्णगरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ । यस पालिकामा शिक्षक बिधार्थी अनुपात १:१५५ रहेको छ । त्यसैगरी माध्यमिक तहमा शिक्षक बिधार्थी अनुपात १:१५७ रहेको छ ।

**शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरू निम्न बमोजिम छन् -**

१. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित हुन् नसक्नु ।
२. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्न नसक्नु ।
३. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउन नसक्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित नहुनु ।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार नहुनु ।
६. तहगत रूपमा परीक्षा सञ्चालन गरी अग्रिम रूपमा स्वयम्सेवक शिक्षक सूची प्रकाशन नगर्नु ।
७. शिक्षक बिधार्थी अनुपात ।
८. समय सापेक्ष शिक्षकलाई क्षमता बिकासमा पहल नहुनु ।
९. समयसापेक्ष दरबन्दी मिलन नहुनु ।
१०. बिषयगत दरबन्दी अपुग हुनु ।

### ४.२.२.उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
३. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।
४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु ।

### ४.२.३ रणनीतिहरू

१. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ ।

२. शिक्षक तालिमलाई  विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।

३. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।

४. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ।

५. यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।

६. ५ वर्षे सेवा निरन्तरता सम्झौता गरी क्षमतावान् तथा मेधावी शिक्षकलाई उच्च अध्ययन अनुसन्धानको अवसर दिइने छ।

**४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धिहरु**

१ प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

२. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक संख्या | १५७ | १५७ | १५७ | १५७ | १५७ | १५७ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक संख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |

### ४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५वर्ष ) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १.१ | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ४ | १२ | ० | ० | ० | १६ | नगरपालिका |
| १.२ | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २.१ | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ | संघ, प्रदेश/ नगरपालिका |
| ३ | कक्षा १-३ को शिक्षकलाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | संघ नगरपालिका |
| ३.१ | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | नगरपालिका |
| ३.२ | उपचारात्मक शिक्षण पद्धति अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| ३.३ | एक विद्यालय एक पुस्तकालय | संख्या | ४ | ० | १ | ० | १ | ६ | संघ, प्रदेश/ नगरपालिका |
| ३.४ | एक विद्यालय एक ICT ल्याव | संख्या | ९ | | ५ | | ५ | १९ | संघ /प्रदेश/ नगरपालिका |
| ३.५ | शिक्षक पेशागत सहयोग पद्धति | पटक | १ | १ | १ | १ | १ | निरन्तर | संघ /प्रदेश/ नगरपालिका |
| ३.६ | शिक्षक पेशागत | पटक | | १ | | | | २ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग मार्गदर्शन विकास गर्ने | | | | | | | | |
| ३.७ | पेशागत शैक्षिक अवलोकन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | तालिम केन्द्र नगरपालिका |
| ४.१ | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ४.२ | बाल विकास सहजकर्ताको लागि ३० आधारभूत तालिम | पटक | १ | | | १ | | २ | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| ५.१ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| ५.२ | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ० | ० | १ | ० | ० | १ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरणविद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | १ | | १ | | २ | संघ /प्रदेश/ नगरपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

गोलबजार  नगरपालिका सामाजिक, आर्थिक, सास्कृतिक, धार्मिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। कुशवाहाजातिको मुख्य वसोबास रहेको यस नगरपालिकामा यादव, मुसहर, मुस्लिम, हरिजन, तेली, तामाङ्ग, मगर, सुडी, मलाह, पासवान, हलुवाई, धानुक, कामी, नेवार, दनुवार, क्षेत्री, तत्मा, गडेरी, केवट, ब्राह्मण, क्षेत्री, तथा दलित समुदाय छन् । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको १३.६० प्रतिशत कम रहेको छ । गोलबजार नगरपालिकाको भाषागत जनसंख्या मैथिली ७३.६२ प्रतिशत रहेको छ । जातीयताका आधारमा हेर्दा कोइरी / कुशवाहा १२.१८ प्रतिशत, यादव ९.९८ प्रतिशत, मुसहर ७.९३ प्रतिशत, मुस्लिम ७.२३ प्रतिशत, चमार ६.९९ प्रतिशत, तेली ५.९६ प्रतिशत, तामाङ्ग ५.२८ प्रतिशत, मगर ४.६७ प्रतिशत, सुडी ३.२० प्रतिशत, मलाह २.९९ प्रतिशत, पासवान २.८७ प्रतिशत, हलुवाई २.८५ प्रतिशत, धानुक २.४१ प्रतिशत , कामी १.९६ प्रतिशत, नेवार १.८५ प्रतिशत, दनुवार १.६१ प्रतिशत, क्षेत्री १.५७ प्रतिशत, तत्मा १.२६ प्रतिशत, गडेरी १.२० प्रतिशत, केवट १.०५ प्रतिशत, तराई अन्य १४.८६ प्रतिशत रहेका छन् ।

### ४.३.१ वर्तमान अवस्था

गोलबजार नगरपालिकाको कुल जनसंख्या ६३,८८५ रहेको छ जसमा महिला ३२२७४ र पुरुष ३१६११ छन । महिला र पुरुष बीच को अन्तर ६२३ को रहेकोछ । यस पालिकामा लैङ्गिक अनुपात ९७.९५ प्रतिशत रहेको छ। साक्षरताको हिसाबले हेर्दा महिला भन्दा पुरुष साक्षर दर १५.९ प्रतिशत बढी छ । यस नगरपालिकामा कुल जनसंख्याको १.६ प्रतिशत अपांगता भएका जनसंख्या छन् जसमा महिला १.२ प्रतिशत र पुरुष १.९ प्रतिशत रहेकोछ ।

नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह १-५ मा ३७ महिला शिक्षक छन् त्यसैगरी कक्षा १-८ मा ४२ महिला शिक्षक छन् । माध्यामिक तह ९-१२ मा १ महिला शिक्षक रहेका छन् ।

## ४.३ शैक्षिक समता तथा समावेशीकरण

### ४.३.१ चुनौतीहरू

गोलबजार नगरपालिकाको शैक्षिक समता तथा समावेशीकरणको वर्तमान अवस्थाको विश्लेषण गर्दा देहायका प्रमुख चुनौतीहरू पहिचान गरिएको छः

१. विद्यालय तथा शिक्षा प्रणालीमा लैङ्गिक मूलप्रवाहीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी महिला तथा किशोरीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नसक्नु।

२. विद्यालयहरूमा पर्याप्त रूपमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक पूर्वाधार र शैक्षिक वातावरण विकास हुन नसक्नु।

३. यस गोलबजार नगरपालिकाका विद्यालयमा महिला शिक्षकको संख्या अपेक्षाकृत न्यून हुनु तथा महिला शिक्षकको सहभागिता अभिवृद्धि गर्न चुनौती रहनु।

४. अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान, अभिलेखीकरण, मूल्याङ्कन तथा आवश्यक सहयोगको प्रभावकारी व्यवस्था हुन नसक्नु।

५. विद्यालयमा सबै प्रकारका विभेद, हिंसा तथा दुर्व्यवहारबाट मुक्त सुरक्षित, सम्मानजनक र बालमैत्री वातावरण पूर्ण रूपमा सुनिश्चित हुन नसक्नु।

६. दलित, जनजाति, विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाको शिक्षामा समान तथा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न चुनौती रहनु।

७. लक्षित तथा सीमान्तकृत समूहका बालबालिकाको सिकाइ उपलब्धि र विद्यालयमा निरन्तरता अपेक्षित रूपमा सुधार गर्न नसक्नु।

८. किशोरीहरूको शिक्षा निरन्तरता, महिनावारी व्यवस्थापन तथा आवश्यक मनोसामाजिक सहयोगको पर्याप्त व्यवस्था हुन नसक्नु।

#### ४.३.२ उद्देश्यहरू

१. सबै विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री तथा सुरक्षित सिकाइ वातावरणयुक्त बनाउनु।

२. शिक्षाको मूलधारबाट वञ्चित तथा जोखिममा रहेका बालबालिका र व्यक्तिहरूको शिक्षामा पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्नु।

३. दलित, जनजाति, विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक शैक्षिक अवसर सुनिश्चित गर्नु।

४. विद्यालयमा हुने सबै प्रकारका विभेद, हिंसा तथा दुर्व्यवहार न्यूनीकरण गरी समावेशी तथा सम्मानजनक वातावरण निर्माण गर्नु।

५. शैक्षिक समता, समावेशिता तथा बालअधिकार सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शैक्षिक सुशासन कायम गर्नु।

#### ४.३.३ रणनीतिहरू

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार र समावेशी शैक्षिक वातावरणको विकास गरिनेछ।

२. विद्यालय बाहिर रहेका तथा विद्यालय छाड्ने जोखिममा रहेका बालबालिकाको अवस्था, कारण तथा आवश्यकता पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

३. विद्यालयमा विभेदरहित, सुरक्षित, समावेशी तथा बालमैत्री वातावरण सिर्जना गरिनेछ।

४. लक्षित समूहका बालबालिकालाई आवश्यकता र अवस्थाका आधारमा पोशाक, स्टेसनरी, पाठ्य तथा सिकाइ सामग्री र छात्रवृत्तिको व्यवस्था गरिनेछ।

५. आधारभूत तहमा आवश्यकताअनुसार मातृभाषा तथा बहुभाषिक सिकाइका अवसर उपलब्ध गराइनेछ।

६. किशोरीहरूको शिक्षा निरन्तरता सुनिश्चित गर्न किशोरी शिक्षा, जीवनोपयोगी सीप तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

७. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी लैङ्गिक समानता तथा समावेशीकरणसम्बन्धी गतिविधिलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

८. विद्यालयहरूमा सुरक्षित तथा मर्यादित महिनावारी व्यवस्थापनका लागि पर्याप्त सेनेटरी प्याड तथा आवश्यक सुविधा उपलब्ध गराइनेछ।

९. अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान, अभिलेखीकरण तथा आवश्यकताअनुसार व्यक्तिगत सहयोग र सिकाइ सामग्रीको व्यवस्था गरिनेछ।

१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायलाई लैङ्गिक समानता, समावेशी शिक्षा, बालअधिकार तथा विभेद न्यूनीकरणसम्बन्धी अभिमुखीकरण गरिनेछ।

### ४.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिहरू**

१. विद्यालय तहको शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, अर्थपूर्ण सहभागिता तथा निरन्तरता सुनिश्चित भएको हुनेछ।

२. सबै विद्यालयमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री तथा सुरक्षित भौतिक र शैक्षिक वातावरण विकास भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ।

३. दलित, जनजाति, विपन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा समान अवसर र सहभागिता सुनिश्चित भएको हुनेछ।

४. विद्यालयमा हुने लैङ्गिक तथा सामाजिक विभेद, हिंसा र दुर्व्यवहारमा उल्लेखनीय कमी आई सम्मानजनक तथा विभेदरहित वातावरण निर्माण भएको हुनेछ।

५.अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान, अभिलेखीकरण तथा आवश्यक सहयोगको व्यवस्था प्रभावकारी भएको हुनेछ।

६.किशोरीहरूको विद्यालयमा नियमित उपस्थिति, सिकाइ निरन्तरता तथा शैक्षिक सहभागितामा सुधार भएको हुनेछ।

७. सबै विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति, बालमैत्री संयन्त्र तथा समावेशी अभ्यासहरू प्रभावकारी रूपमा कार्यान्वयन भएका हुनेछन्।

८.लक्षित समूहका बालबालिकालाई आवश्यक छात्रवृत्ति, शैक्षिक सामग्री तथा अन्य सहयोग उपलब्ध भई विद्यालय छाड्ने तथा कक्षा दोहोर्याउने दरमा कमी आएको हुनेछ।

९. विद्यालयमा सुरक्षित महिनावारी व्यवस्थापन, स्वच्छ खानेपानी, छात्र तथा छात्राका लागि उपयुक्त शौचालय लगायतका आवश्यक समावेशी सुविधाको पहुँच विस्तार भएको हुनेछ।

१०. गोलबजार नगरपालिकामा समतामूलक, समावेशी, विभेदरहित, सुरक्षित तथा गुणस्तरीय विद्यालय शिक्षा प्रणालीको विकास भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.स.** | **शिक्षामा समता र समाबेशीकरण** | **आधार वर्ष (२०८०/८१)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| २ | माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |

### ४.३.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षामा समता र समाबेशीकरण अवस्था र आवश्यकता पहिचान | पटक | | | १ | | | २ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | ६ | २ | २ | २ | २ | १४ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | निर न्तर | निरन्तर | निरन्तर | निर न्तर | निर न्तर | निरन्तर | सा.सि.के. |
| ५ | मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने। | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | विद्यालय |
| ६ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३ ५ | ३५ | नगरपालिका |
| ७ | मनोसामाजिक परामर्श | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | गुनासो सुनुवाई समिति गठन र परिचालन | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका संघ संस्था |
| १० | गुनासो सुनुवाई समिति को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका संघ संस्था |
| ११ | बालिका तथा समाबेशी शिक्षा संजालको परिचालन | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका संघ संस्था |

## ४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### परिचय

नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७ / ७८ मा यो लगानी करिब ८ अरब पुगेको छ। दिवा खाजा कार्यक्रम को सुरुवात नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष आर्थिक वर्ष २०७७७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै - विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ। नेपालको हाल कार्यान्वयनमा रहेको १६ औं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्त्वपूर्ण योगदान दिएको छ।

### विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

### सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घरकोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको / सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ।

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारबाट आधारभूत विद्यालयको कक्षा १ देखि ५ कक्षासम्मको विद्यार्थीको लागि दिवा खाजा कार्यक्रम सञ्चालन भएको थियो । आ२०७ .व.७०७/८ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम बालविकास कक्षा देखि कक्षा ०-५ सम्मका सबै विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा गोलबजार नगरपालिकाको सामुदायिक ३१ विद्यालय र ४ वटा मदरसा विद्यालय गरी जम्मा ३५ वटा विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भएको थियो । यस पालिकाका बालविकास र शिक्षा देखि कक्षा ५ सम्मका ३५ विद्यालय मार्फत बालिका ७१३८ र बालक ९१०६ गरि जम्मा १६२४४ विद्यार्थी लाभाम्वित भएकाछन् । साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रूपमा जङ्क फुड निषेध गरी व्यवस्थापन गर्ने प्रयास गरिएकोछ ।

शैक्षिक सत्र २०७७ बाट श्री जनता माध्यमिक बिद्यालय गोलबजारमा नर्स सेवा कार्यक्रम शुरु भएको छ । आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत छ तथा विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस् भन्ने अभिप्रायले स्थानीय स्वयम् सेवकलाई उक्त कार्यक्रममा परिचालन गरिएको छ ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरू २१ र महिला शिक्षक शौचालय १५ वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय ३५ वटै रहेका छन् । विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षादेखि नै विषयवस्तु समावेश गरिएको छ ।

**दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका चुनौतीहरू -**

१. प्रति बिद्यार्थी दिवा खाजाको बजेट अति न्यून हुनु .
२. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित नहुनु ।
३. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित समस्या हुनु ।
४. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।
५. सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था नहुनु ।
६. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन नहुनु ।
७. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन नहुनु ।
८. विद्यालयहरूमा सेन्ट्रीप्याड Dispose गर्ने व्यवस्था नरहेको ।

### ४.४.२ उद्देश्य

१. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
२. विद्यालयहरुमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाजा प्राप्तिको सुनिश्चितता गर्नु ।
३. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।

### ४४..३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ -

१. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ ।
२. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।
३. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिनेछ ।
४. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुनेछ ।
५. अभिभावक आमा समूह मार्फत पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

### ४.४. ४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिहरु**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| **१** | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | **सबै** | **३१९५** | **३१९५** | **३१९५** | **३१९५** | **३१९५** |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरको बालबालिका* (%) | सबै | ३५५९ | ३५५९ | ३५५९ | ३५५९ | ३५५९ |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ०-५ | १९४३९ | १९४३९ | १९४३९ | १९४३९ | १९४३९ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पहुच पुगेका विद्यालय सङ्ख्या | | | | | | |
| 6 | नर्सिङ् सेवा तथा सुबिधा पुगेको विद्यालय सङ्ख्या | १ | | २ | | २ | ५ |
| ७ | WASH कार्यक्रम संचालीत विद्यालय | ० | | ५ | | ५ | १० |

### ४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा बितरण गर्ने विद्यालय | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका विद्यालय |
| ३ | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका विद्यालय |
| ४ | विद्यालयहरूमा उपयुक्त भान्सा कोठाको व्यवस्थापन | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| ५ | अभिभावक आमा समूह | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | विद्यालय |
| ६ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | १५ | | १० | | १० | ३५ | नगरपालिका |
| ७ | एक विद्यालय एक स्वास्थकर्मी | संख्या | १ | | २ | | २ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | ७-८ | ७-८ | ७-८ | ७-८ | ७-८ | ७-८ | विद्यालय |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | १२ | | ५ | | ५ | २२ | संघ/ प्रदेश/ नगरपालिका |

## ४.५ बिद्यालय सुरक्षा, बिपत न्यूनीकरण तथा उत्थानशिलता

### परिचय

नेपाल प्रकोप जोखिम भएको क्षेत्रमा पर्दछ। यँहा बाढी, पहिरो, हावा हुण्डरी, भुइचालो, शितलहर, महामारी आदि विपदको अबस्था आइरहन्छ। यस्तो अबस्थामा परिस्थितिजन्य शिक्षा दिनु आबश्यक छ । परिस्थितिजन्य शिक्षा भन्नाले युद्द, द्वन्द, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनुपर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आफ्नो नीति कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षामा समावेश गर्ने गरेका छन् । विशेषत २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त- गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

### मुख्य आपतकालीन अवस्थाहरू-

क) **प्राकृतिक प्रकोप:** भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।

ख) **महामारी:** झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरुवा रोगहरू ।

ग) **युद्ध, द्वन्द्व, विस्थापन**: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क तथा सुविधाविहीन र अपाङ्गता भएकाहरूका लागि उच्च शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारको रुपमा राखिएकोछ र यसको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले छात्रवृत्ति (२०७७) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७५), तथा सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस गोलबजार नगरपालिकामा पनि विभिन्न समयमा विपद् तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा संकटको घडीमा पनि विचलित नभई सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रूपमा शिक्षा प्रदान गरिँदै आएको छ। जस्तै- कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा  टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखि नै विपद् जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ । सिकाई क्षेती अपुरण को लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना अहिले कार्यन्वयनमा आइसकेको छ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -**

१. बिद्यालय संरचना तथा सम्भावित प्रकोप जोखिमको पुर्वसंभाब्यता अध्ययन नगरिनु।
२. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन नगर्ने।
३. बिद्यालय, परिवार, समाज प्रकोप र सोको जोखिमको विषयमा सावधानी नअपनाउनु।
४. संकटको क्षेत्र पहिचान गरि आबस्यक योजना निर्माण नगर्नु
५. योजना निर्माणको प्रक्रिया र सबै बर्ग समुदायको सहभागिता नहुनु।
६. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकासमा कमि हुनु।
७. स्रोतको व्यवस्थापनक लागि विद्यालय तथा शिक्षा प्रणाली सक्रिय नहुनु।
८. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा  उपचारसहित सिकाइ निरन्तरता नहुनु।

**४.५.२ उद्देश्यहरू**

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. प्रकोप जोखिम सम्बन्धि सूचना तथा संञ्चार प्रविधिको विकास तथा प्रयोगमा जोड दिने।

**४.५.३ रणनीतिहरू**

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
२. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
३. विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप रोकथाम, र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।
४. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ।
५. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।

**४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धिहरु**

१. हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुनेछ ।

२. बिपत तथा प्रकोपको पूर्व तयारीमा जोड दिएनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्रम सञ्चालन गर्नेविद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| २ | हरित विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |

**४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | भौतिक लक्ष्य (१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवश्यक तानुसार | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | सिकाइ अपुरण तथा द्रुत सिकाइ योजना बारे शिक्षकको क्षमता विकास | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ नगरपालिका |
| | सिकाइ अपुरण तथा द्रुत सिकाइ योजना बारे शिक्षकको | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ नगरपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक | निरन्तर | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ/ प्रदेश/ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार | | | | | | | | नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली, २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०७५ वर्ग मिटर र उच्च आधारभूत तह . तथा माध्यमिक तहलागि प्रति विद्यार्थी १०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ. । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस गोलबजार नगरपालिकामा सामुदायिक विद्यालय ३१ वटा, मदरसा ४ वटा गरि जम्मा ३५ वटा सामुदायिक बिद्यालयछन्, त्यसै गरि यस नगरपालिकामा छुट्टै ८ वटा बालविकास तथा शिक्षा केन्द्रहरु समुदायमा रहेकाछन । यस बाहेक ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु संचालनमा रहेकोछ र सस्थागत विद्यालय तर्फ यस नगरपालिकामा जम्मा २७ वटा विद्यालय रहेकाछन् । सामुदायिक विद्यालय तर्फ सबै बिध्यलयहरुको आफ्नो भवन रहेको छ । सामुदायिक बिध्यालयहरुमा जम्मा १२४ वटा भवन रहेकोछन । सबै सामुदायिक विद्यालयहरूमा छात्र र छात्रा शौचालय रहेकाछन् तर शौचालयको प्रयाप्त ब्यबस्थापन हुन् सकेको छैन । विद्यालयहरूमा खानेपानीको आफ्नै श्रोत रहेकाछन् । ३५ वटा विद्यालयहरूमा इन्टरनेट पुगेको छ। ३ वटा विद्यालयमा Multimedia को माध्मबाट अध्यापन भइरहेको अवस्था छ भने तिन वटा विद्यालयमा स्मार्टबोर्ड समेत रहेको छ ।सबै विद्यालयमा विद्युतको पहुँच पुगेको अवस्था रहेको छ ।

यसैगरी ५ वटा विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था रहेको छ भने ७ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला रहेको छ । विद्यालयमा स्टाफ कोठा ३१ वटा, स्टोर कोठा ३१ वटा, खेलकुद कोठा २ वटा रहेकोछ । २ वटा विद्यालयमा पुस्तकालय साथै सामुदायमा गोलबजार नगरपालिकाभित्र २ वटा पुस्तकालय रहेका छन् । यस पालिकामा ८ वटा विद्यालयमा पक्की भवन निर्माण र निर्माणधीन अवस्थामा छन् साथै २५ वटा विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन् ।

**विद्यालय पूर्वाधार र विकासका प्रमुख चुनौतीहरू -**

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका न्यून हुनु ।
२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु नसक्नु ।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास नहुनु ।
४. आवश्यक स्रोतको व्यवस्थापन हुन् नसक्नु ।
५. पूर्वाधारहरू बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउन नसक्नु ।

**४.६.२ उद्देश्य**

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

**४.६.३ रणनीतिहरू**

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ ।
३. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिनेछ ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंसिक रूपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

**क) उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ३५ | ३८ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २२ | १६ | १० | १० | १० | १० |
| ३ | सवलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ० | २ | २ | २ | २ | २ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | २ | २ | २ | २ | २ |
| ५ | विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने संख्या | २ | २ | २ | २ | २ | २ |
| ६ | विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको संख्या | २ | २ | २ | २ | २ | २ |
| ७ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |

### ४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | | नगरपालिका |
| ३ | अपाङ्गमैत्री ,बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | २ | २ | २ | २ | २ | | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | २ | २ | २ | २ | २ | | संघ/ प्रदेश/ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | २ | २ | २ | २ | २ | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | २ | २ | २ | २ | २ | | नगरपालिका |
| ७ | छात्रा-छात्रका लागि वास सहित को शौचालय तथा खानेपानी पानी र सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | | नगरपालिका |
| ८ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | विद्यालय सङ्ख्या | ३५ | ३ ५ | ३५ | ३५ | ३५ | | नगरपालिका |

## ४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि

### परिचय

२१ औ शताव्दीको युगलाई  सूचना र प्रविधिको युग भनिन्छ। अहिले सुचना प्रबिधि बेगर संसारको कल्पना गर्न सकिदैन। सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरू विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजार सामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७१८ जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ /०२/ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड१९ वा यस्तै प्रकारको विपद् वा – महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो,  टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ लक्ष्य रहेको छ। सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.७.१ वर्तमान अवस्था

यस गोलबजार नगर पालिकाले शिक्षालाई सूचना प्रबिधिसंग जोड्ने प्रयास गरिरहेकोछ गोलबजारका ३५ वटा सामुदायिक विद्यालयमा विद्युतको पहुँच छन् भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा क्रमश सबै बिद्यालयमा पुर्याएकोछ । हाल मल्टिमिडिया समेतको सुविधा भएका ६ बिद्यालय छन् भने स्मार्ट वोर्ड भएको १ विद्यालय छ। २ वटा विद्यालयमा विद्युत्तीय पुस्तकालय रहेको छ ।

कोरोना भाइरसको संक्रमणको समयमा यस पालिकामा Online मार्फत वैकल्पिक शिक्षाको शुरुवात भएको थियो । सङ्घ सरकार र स्थानीय सरकारबाट सोका लागि आर्थिक तथा प्राविधिक सहयोग भएको थियो । यस पालिकामा ५ वटा विद्यालयका १२ जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने अन्य शिक्षकहरुमा पनि क्रमश प्रविधिको पहुँच विस्तार भएकोछ । यस नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम हरेक बिद्यालयका शिक्षखुलाई दिईसकेकोछ । अहिले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अनिबार्य गरेकोले सबै विद्यालयले यसैमा सम्पूर्ण बिबरण राख्ने गरेकोछ ।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिका चुनौतीहरू -**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास नहुनु ।
२. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार नहुनु ।
३. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास नहुनु ।
४. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
५. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउन नसक्नु ।
६. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित नहुनु ।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक सबैलाई सहज नहुनु ।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
२. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
३. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।

### ४.७.३ रणनीतिहरू

१. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक  शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
२. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने ।
३. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिनेछ ।

५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ।
६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रूपमा अद्यावधिक गरिनेछ।
८. विद्युत्तीय पुस्तकालय लाई वार्षिक रूपमा अद्यावधिक गरिनेछ।
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।
१०.सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।

**४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धिहरु**

१. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भई विद्यालयन शिक्षाको व्यवस्थापनमा सुधार ल्याई सुशासन प्रबर्द्धन गर्ने।

२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गरी शिपयुक्त जनशक्ति निर्माण गर्ने।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.स.** | **सूचक** | **आधार वर्ष (२०८०/८१)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| **१** | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | **३५** | **३५** | **३५** | **३५** | **३५** | **३५** |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १ | | १ | | १ | ३ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | २ | २ | १ | १ | ८ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नेविद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | |
| ५ | विद्तको पहुच पुगेको विद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |

### ४.७.५ **प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | भौतिक लक्ष्य (१०वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | प्र / . स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | विद्यालय |
| ४ | ई-पुस्तकालय आद्यावधिक र विस्तार | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | नगरपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | संख्या | | ४ | | ३ | | ७ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | | ४ | | ३ | | ७ | नगरपालिका |
| ७ | फ्रि वाई-फाई चौतारी | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | नगरपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | | | १ | | २ | नगरपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | २ | | | १ | | ३ | नगरपालिका |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | संख्या | ५ | ५ | ५ | ५ | ५ | ३५ | संघ/ प्रदेश/ नगरपालिका |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

## परिचय

गोलबजार नगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनामा उच्च शिक्षाको बारेमा परिच्छेद पाँचमा बिस्तृत बर्णन गरिएको छ । यस परिच्छेदमा उच्च शिक्षाको योजनाको समग्र खाका अन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरिएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ ।

## ५.१ उच्च शिक्षा

## परिचय

उच्च शिक्षा देशको मेरुदण्ड हो। कुनै पनि राष्ट्रको समृद्धि तथा विकासको लागि शिक्षा महत्त्वपूर्ण साधन हो । माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र आवश्यकताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूको संख्या पनि बढ्दै गइरहेको छ । देशको विभिन्न क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उच्च शिक्षा विशिष्टीकृत हुने हुनाले विद्यार्थीहरूले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ ।

### ५.१.१ वर्तमान अवस्था

मुलुकको शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि दक्ष, योग्य तथा प्रतिस्पर्धी जनशक्तिको आवश्यकता पर्दछ। यस्तो जनशक्ति विकास गर्न विद्यालय शिक्षाभन्दा माथिल्लो तहको उच्च शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ। उच्च शिक्षाले व्यक्तिको ज्ञान, सीप, क्षमता तथा दक्षता अभिवृद्धि गर्नुका साथै आधुनिक समाजका विविध पक्षमा देखिएका समस्या समाधान गर्न, ज्ञान–विज्ञान तथा प्रविधिको विकास गर्न र सामाजिक रूपान्तरणमा योगदान पुर्‍याउन आवश्यक आधार प्रदान गर्दछ।

गोलबजार नगरपालिकामा उच्च शिक्षाका लागि रामप्रसाद रामप्रताप बहुमुखी क्याम्पस सञ्चालनमा रहेको छ। उक्त क्याम्पसमा डिग्री तहसम्मको अध्ययन–अध्यापन भइरहेको छ। यसैगरी नगरपालिकामा जयगोविन्द साह पोलिटेक्निकल शिक्षण संस्था समेत सञ्चालनमा रहेको छ, जसले प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्दै दक्ष जनशक्ति उत्पादनमा योगदान पुर्‍याइरहेको छ।उपलब्ध तथ्याङ्कअनुसार गोलबजार नगरपालिकाको कुल जनसंख्यामध्ये इन्टरमिडिएट तह उत्तीर्ण गरेका १,६१० जना, स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरेका ५०९ जना र एम.फिल./पीएच.डी. तहको शैक्षिक योग्यता भएका २५ जना रहेका छन्। यसले नगरपालिकामा उच्च शिक्षा हासिल गर्ने जनशक्तिको आधार रहेको देखाउँछ। तथापि, उच्च शिक्षामा पहुँच, विषयगत विविधता, गुणस्तरीय तथा रोजगारमूलक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र उच्च शिक्षा हासिल गरेका जनशक्तिको स्थानीय विकासमा उपयोग गर्न थप पहल आवश्यक देखिन्छ।

गोलबजार नगरपालिकामा उच्च शिक्षाको पहुँच तथा संस्थागत आधार क्रमशः विकास हुँदै गएको भए पनि स्थानीय आवश्यकता र श्रम बजारको मागअनुसार उच्च शिक्षा तथा प्राविधिक शिक्षाको विस्तार, गुणस्तर अभिवृद्धि र

रोजगारीसँगको आबद्धतालाई थप प्रभावकारी बनाउन आवश्यक रहेको देखिन्छ। यसका लागि उच्च शिक्षालाई अनुसन्धान, नवप्रवर्तन, प्रविधि, उद्यमशीलता तथा स्थानीय विकाससँग जोड्दै दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने दिशामा आगामी दिनमा विशेष ध्यान दिन आवश्यक छ।

**उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्नातक तहको क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न पहँ नगर्नु ।
२. क्यामपसको स्थायित्व र सुदृढीकरण गर्न जोड नदिनु
३. भौतिक पूर्वाधार विकास पहल नगर्नु ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन नसक्नु ।
५. जनशक्ति व्यवस्थापन गर्न नसक्नु ।
६. गुणस्तरीय शिक्षाका लागि स्थानीय युवाहरु देशका अन्य शहर लगायत विदेश पलायन हुनु ।

### ५.१.२ उद्देश्य

१.स्नातक तहसम्मको उच्च शिक्षा प्रदान गर्ने क्याम्पसको संस्थागत विकास तथा सुदृढीकरण गर्नु।

२.उच्च शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधारको विकास तथा विस्तार गरी दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नु।

३. उच्च शिक्षामा विद्यार्थीको पहुँच, सहभागिता तथा निरन्तरता अभिवृद्धि गर्नु।

४. उच्च शिक्षालाई गुणस्तरीय, रोजगारमूलक, प्रविधिमैत्री तथा स्थानीय आवश्यकतासँग सान्दर्भिक बनाउनु।

### ५.१.३ रणनीतिहरू

**उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :**

१. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकास तथा सुदृढीकरणका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक आर्थिक तथा प्राविधिक सहयोग जुटाइनेछ।

२. क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि विश्वविद्यालय अनुदान आयोग तथा सम्बन्धित निकायबाट अनुदान प्राप्त गरी आवश्यकताअनुसार कार्यान्वयन गरिनेछ।

३. क्याम्पसमा आवश्यक विषयगत तथा दक्ष जनशक्ति व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

४. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण विकास गरिनेछ।

५. उच्च शिक्षालाई स्थानीय आवश्यकता, रोजगारी तथा उद्यमशीलतासँग जोड्न सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ।

६. क्याम्पसको गुणस्तर सुधारका लागि नियमित अनुगमन, मूल्याङ्कन तथा संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धिहरू**

१. सुरक्षित, उपयुक्त तथा आवश्यक भौतिक पूर्वाधारसहितको क्याम्पसमा विद्यार्थीले गुणस्तरीय उच्च शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुनेछ।

२. क्याम्पसको संस्थागत क्षमता तथा शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।

३. उच्च शिक्षामा विद्यार्थीको पहुँच, सहभागिता तथा निरन्तरतामा वृद्धि भएको हुनेछ।

४. आवश्यक दक्ष तथा विषयगत जनशक्तिको व्यवस्थापन भएको हुनेछ।

५. उच्च शिक्षा प्रविधिमैत्री, रोजगारमूलक तथा स्थानीय आवश्यकतासँग सान्दर्भिक भएको हुनेछ।

६. उच्च शिक्षा हासिल गरेका युवाहरूमा ज्ञान, सीप, दक्षता तथा उद्यमशील क्षमताको विकास भएको हुनेछ।

७. उच्च शिक्षा संस्थाको भौतिक तथा शैक्षिक पूर्वाधारमा क्रमिक सुधार भई गुणस्तरीय उच्च शिक्षाको अवसर स्थानीयस्तरमै सुनिश्चित भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
२. क्याम्पसको सञ्चालन, स्थायित्व तथा सुदृढीकरण भएको हुने ।
३. उच्च शिक्षाको अवसर सहज रूपमा प्राप्त भएको हुने ।

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | क्याम्पस सञ्चालन | संख्या | | | | १ | | १ | नगरपालिका |
| २ | सुरक्षित पूर्वाधार निर्माण | संख्या | | १ | १ | | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | १ | | १ | | २ | नगरपालिका |

# परिच्छेद ६ सुशासन तथा व्यबस्थापन

## परिचय

विद्यालय क्षेत्रको योजनामा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा रहेकोमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ । शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ ।

सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रबर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रबर्द्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

### परिचय

संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रबर्द्धन गर्नु आवश्यक देखिएको छ । त्यसैले बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुनेछ ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रबर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

यस खण्डमा सुशासन प्रबर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रबर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन् । त्यसैगरी हरेक बिद्यालयहरुमा बिद्यालय ब्यबस्थापन समिति र अभिभाबक शिक्षक संघ गठन गरी बिद्यालय संचालन गर्ने प्राबधान रहेको छ ।

समस्या र चुनौतिहरु

१. ९ वटा बिद्यालय ब्यबस्थापन समिती नहुनु ।
२. ३० वटा अभिभाबक शिक्षक संघ गठन नहुनु ।
३. बिद्यालय सुधार योजना कागजमा मात्रै सिमित हुनु ।
४. बिद्यालय ब्यबस्थापन समिती निर्माणमा राजनैतिक हुनु ।

५. समयमा सामाजिक तथा लेख परिक्षण नहुनु ।
६. गुनासो सुन्सुवई संयन्त्र नहुनु भए पनि सहि प्रिचना नहुनु ।
७. अनुगमन तथा मुल्यांकन फितलो हुनु ।
८. समुदायको सहभागितालाई उपेक्षा गर्नु ।

### ६.१.२ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।
२. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

### ६.१.३ रणनीतिहरू

१. विद्यार्थीको न्यून सिकाइ उपलब्धि सुधार गर्न स्थानीय तहमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक भौतिक तथा संस्थागत संरचनाको विकास र सुदृढीकरण गर्दै पर्याप्त, दक्ष तथा तालिमप्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिइनेछ।

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूमा समन्वय, सहकार्य तथा सहअस्तित्व कायम गर्न आवश्यक नीतिगत, कानुनी तथा प्रणालीगत संयन्त्रको विकास र प्रभावकारी कार्यान्वयन गरिनेछ।

३. संस्थागत व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक भौतिक पूर्वाधार, दक्ष जनशक्ति, वित्तीय स्रोत तथा नीति–नियमको व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

४. शैक्षिक समता तथा समावेशितालाई प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी लक्षित समूहको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गरिनेछ।

५. शिक्षामा सुशासन कायम गर्न पारदर्शिता, जवाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा प्रभावकारी सूचना सम्प्रेषण प्रणालीको विकास र कार्यान्वयन गरिनेछ।

६. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि शिक्षक तथा कर्मचारीको पेशागत योग्यता, क्षमता विकास तथा तालिमका अवसर सुनिश्चित गरिनेछ।

७. विद्यालय तथा शिक्षा क्षेत्रसँग सम्बन्धित निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गरी योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

८. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि तथ्यमा आधारित योजना निर्माण तथा नियमित रूपमा सिकाइ उपलब्धिको विश्लेषण गरी सुधारात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धिहरू

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी, पारदर्शी तथा प्रभावकारी शिक्षा प्रणालीको विकास भएको हुनेछ।

२. विद्यालयको शैक्षिक व्यवस्थापन तथा सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि भएको हुनेछ।

३. विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भई गुणस्तरीय तथा प्रभावकारी शिक्षण–सिकाइ प्रणाली स्थापित भएको हुनेछ।

४. विद्यालय तथा शिक्षा क्षेत्रका निकायबीच समन्वय, सहकार्य र प्रभावकारी सूचना सम्प्रेषण प्रणालीको विकास भएको हुनेछ।

५. शिक्षक तथा शैक्षिक जनशक्तिको पेशागत दक्षता, क्षमता तथा कार्यसम्पादनमा सुधार भएको हुनेछ।

६. विद्यालयको योजना, बजेट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया तथ्यमा आधारित र प्रभावकारी भएको हुनेछ।

७. शिक्षामा समता, समावेशिता तथा गुणस्तरीय सेवामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको हुनेछ।

८. विद्यालय तथा शिक्षा क्षेत्रको संस्थागत क्षमता सुदृढ भई प्रभावकारी शैक्षिक व्यवस्थापन र उत्तरदायी शिक्षा प्रणालीको विकास भएको हुनेछ।

## ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २४ | २५ | २५ | ३५ | ३५ | ३५ |
| २ | अभिभाबक शिक्षक संघ भएका विद्यालय सङ्ख्या | ५ | ५ | ५ | १० | ५ | ५ |
| ३ | बिद्यालय सुधार योजना निर्माण र कार्यान्वन गर्ने बिद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ४ | माध्यमिक विद्यालयमा नेततृव तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ५ | आधारभूत तहको विद्यालयमा नेततृवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ६ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्नेविद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ७ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय व्यवस्थापन समिति गठन | संख्या | ५ | ५ | ५ | | | १५ | नगरपालिका |
| २ | अभिभाबक शिक्षक संघ गठन | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | नगरपालिका |
| ३ | बिद्यालय सुधार योजना निर्माण तथा अपडेट | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | बिद्यालय |
| ४ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | ३५ | | | | | ३५ | स्थानीय तह |
| ५ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | | १ | | | | १ | स्थानीय तह |
| ६ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | ४ | ५ | ३ | ७ | १० | ३५ | स्थानीय तह |
| ७ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | स्थानीय तह |
| ८ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ७ | ७ | ७ | ७ | ७ | ३५ | स्थानीय तह |
| ९ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संख्या | ५ | ५ | ३ | | | १३ | स्थानीय तह |
| १० | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | ७ | ७ | ७ | ७ | ७ | ३५ | स्थानीय तह र विद्यालय |
| ११ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको | संरचना | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास गर्ने | | | | | | | | |
| १२ | बिद्यालय कार्यसम्पादन एबम स्वमुल्यांकनगर्ने गराउने | पटक | ७ | ७ | ७ | ७ | ७ | ३५ | स्थानीय तह |

## ६.२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध

### परिचय

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दिगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरूले योजना कार्यान्वयनको प्रबन्धमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित  तत्त्वहरूले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजनाबाट अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्

### ६.२.१ वर्तमान अवस्था

नेपाल संघीय संरचनाको ढाँचामा रूपान्तरण भएकोले बिद्यालय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध गर्न कानूनी व्यवस्था गरिएकोछ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा शाखा रहेका छन्। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नुपर्ने हुन्छ। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -

१. स्थानीय शिक्षक सहायता पद्धति विकास नहुनु।
२. शिक्षकलाई  तालिम तथा क्षमता बिकासमा पहल नहुनु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन ब्यबस्थित् नहुनु।
४. समयसापेक्ष दरवन्दी मिलन तथा पुनरावलोकन नहुनु।
५. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट नहुनु।

६. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण नगरिनी।
७. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ नहुनु।

**योजना कार्यान्वयनको प्रबन्ध**

बिद्यालय शिक्षा योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरूमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. गोलबजार नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
२. गोलबजार नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
३. गोलबजार नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार गोलबजार नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. गोलबजार नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. गोलबजार नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**समुदायिक सिकाइ केन्द्र**

गोलबजार नगरपालिकामा शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, विद्यालय, सामुदायिक सिकाइ केन्द्र, समुदाय तथा सम्बन्धित सरोकारवालाबीच समन्वय, सहकार्य र जिम्मेवारीको स्पष्ट व्यवस्था गरिनेछ। सामुदायिक सिकाइ केन्द्रलाई समुदायको निरन्तर शिक्षा, साक्षरता, सीप विकास तथा जीवनपर्यन्त सिकाइका गतिविधि सञ्चालन गर्ने प्रभावकारी माध्यमका रूपमा विकास गरिनेछ।

१.सामुदायिक सिकाइ केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित कानुन तथा मापदण्डअनुसार व्यवस्थापन समिति गठन गरी जिम्मेवारी प्रदान गरिनेछ।

२.सामुदायिक सिकाइ केन्द्रले उपलब्ध स्रोत तथा वित्तीय व्यवस्थापनका आधारमा वार्षिक कार्ययोजना तथा बजेट तयार गरी स्वीकृत गराई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

३.सामुदायिक सिकाइ केन्द्रले स्थानीय तहका विषयगत शाखा तथा इकाइ, विद्यालय, समुदाय, गैरसरकारी संस्था, सामुदायिक संस्था तथा अन्य सरोकारवालासँग आवश्यकता अनुसार समन्वय तथा सहकार्य गरी विभिन्न कार्यक्रम सञ्चालन गर्नेछ।

४.सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ, सीप विकास, आयआर्जन तथा उद्यमशीलतासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

५.सामुदायिक सिकाइ केन्द्रका गतिविधिको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण गरी प्रभावकारिता अभिवृद्धि गरिनेछ।

**६.२.२ उद्देश्य**

गोलबजार नगरपालिकामा शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न उद्देश्यहरू लिइएका छन्:

१.विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारी, समन्वयात्मक तथा परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्नु।

२.शिक्षा योजनाको कार्यान्वयनमा स्थानीय तह, विद्यालय, समुदाय तथा अन्य सरोकारवालाको सहभागिता र सहकार्य सुनिश्चित गर्नु।

३.सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता, निरन्तर शिक्षा, सीप विकास तथा जीवनपर्यन्त सिकाइको प्रभावकारी केन्द्रका रूपमा विकास गर्नु।

४.शिक्षा क्षेत्र योजनाको कार्यान्वयनका लागि आवश्यक स्रोत, साधन, जनशक्ति तथा वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनु।

५.शिक्षा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनु।

### ६.२.३ रणनीति

माथीका उद्देश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन।

१. संघिय तथा प्रदेश तहवाट वित्तिय हस्तान्तरण मार्फत ससर्त अनुदान तथा अन्य अनुदान र आफनै श्रोतको बजेट समेत संकलन गरी वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तयार गर्ने।

२. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक्ता अनुसार कानुन , कार्यविधि तथा निर्देशिका तयार गर्ने।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चिताका साथै समस्या समाधानका लागी आवश्यक निति, निर्देशन तथा समन्वय गर्ने।

४. एकिकृत शैक्षिक सुचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वय  तथा त्यसका लागी नतिजाको विवरण तयार गर्ने , त्यसको समिक्षा गरि थप सुधार तथा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ  गठन गर्ने र  विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने।

६. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने।

७. विद्यालय व्यावस्थापनलाई सशक्तिकृत गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदारी वनाउने।

८. वित्तिय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन  तथा शिक्षक कक्षा कोठामा समय तथा कार्य सुनिश्चितता सम्बन्धि  आवश्यक मापदण्ड  तयार गरी लागु गर्ने

९.अभिभावक तथा सरोकारवालासँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला, तथा बैठक आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने।

१०. सामुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समुहका  सिकारुका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्फिक शिक्षा तथा आय आर्जन शिप  विकासका कार्यक्रम संचालन गर्दै आजिवन सिकाई  केन्द्रका रुपमा समेत कार्य गर्ने।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

१. शिक्षा क्षेत्र योजनाको प्रभावकारी, व्यवस्थित तथा परिणाममुखी कार्यान्वयन सुनिश्चित भएको हुनेछ।

२. शिक्षा योजनामा निर्धारित लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरू समयमै कार्यान्वयन भएका हुनेछन्।

३. योजना कार्यान्वयनमा स्थानीय तह, विद्यालय, सामुदायिक सिकाइ केन्द्र, समुदाय तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य भएको हुनेछ।

४. शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक स्रोत, साधन, जनशक्ति तथा बजेटको प्रभावकारी व्यवस्थापन भएको हुनेछ।

५. शिक्षा योजनाको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक सुधारका कार्यहरू सञ्चालन भएका हुनेछन्।

६. सामुदायिक सिकाइ केन्द्रहरू साक्षरता, निरन्तर शिक्षा, सीप विकास तथा जीवनपर्यन्त सिकाइका प्रभावकारी केन्द्रका रूपमा विकास भएका हुनेछन्।

७. शिक्षा योजनाको कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता तथा सुशासन कायम भएको हुनेछ।

८. योजना कार्यान्वयनबाट विद्यालय शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा सिकाइ उपलब्धिमा अपेक्षित सुधार भएको हुनेछ।

९. शिक्षा योजनाको प्रगति तथा उपलब्धिको नियमित अभिलेखीकरण र प्रतिवेदन प्रणाली व्यवस्थित भएको हुनेछ।

१०.गोलबजार नगरपालिकाको शिक्षा क्षेत्र योजनाले अपेक्षित शैक्षिक सुधार तथा विकासका लक्ष्यहरू हासिल गर्न प्रभावकारी योगदान पुऱ्याएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ :

१. शिक्षाका सबैनिकाय तथा विद्यालयमा सशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | बिद्यालय |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सदृढीकरण | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | बिद्यालय |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## परिचय

देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ । राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै  शिक्षामा लगानी गरिएको हो।

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको  छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ । तर अथार्थमा यो हुन् सकेको छैन । वास्तबमा अहिले शिक्षा क्षेत्रको लगानी घट्दो क्रममा देखिन्छ । संघीय स्तरमा शिक्षकको तलब, दिब खाजा र पी.सि.एफ. बाहेक शसर्त अनुदानमा नगन्य सहयोग पठाएको देखिन्छ जुन प्रयाप्त छैन । नेपालको बजेट प्रतिबेदन अनुसार बि.स. २०७७/७८ मा १५.५ प्रतिशत, बि.स. २०७८/७९ मा १६ प्रतिशत, बि.स. २०७९/८० मा १६.५ प्रतिशत र बि.स. २०८०/८१ मा १७ प्रतिशत बिनियोजन गरेको पाएकोछ । यसै गरी मधेश प्रदेश को पनि बजेट हेर्दा बि.स. २०७७/७८ मा १५ प्रतिशत, बि.स. २०७८/७९ मा १६ प्रतिशत, बि.स. २०७९/८० मा१६.५ प्रतिशत, बि.स. २०८०/८१ मा १७ प्रतिशत छुट्याएको देखिन्छ । स्थानीय तह अहिले पनि संघ र प्रदेश प्रति निर्भर रहेकोले अति नै न्यून बजेट बिनियोजन गर्ने गरेकोछ । गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि शिक्षा क्षत्रको बजेटमा बृधिको आबस्यकता अहिले टड्कारो छ ।

शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।

**लगानी तथा स्रोत ब्यबस्थापन चुनौतीहरू -**

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन नहुनु ।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार नहुनु ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास नहुनु ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित नहुनु ।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको  दीगोपना सुनिश्चित नहुनु ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था नहुनु ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण नहुनु ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन नहुनु ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त नहुनु ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन नगर्नु ।

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास नहुनु ।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम नहुनु ।

### ७.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. यो विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

२. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

३. जना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

४. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

### ७.३ रणनितिहरु

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बीचको लागत साझेदारीमा हुनेछ। यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिनेछ ।

१. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्नेछ।

२. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्‍याइने छ।

२. नेपालको वैदेशिक सहायता नीतिअनुरूप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

३. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।

४. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।

६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।

८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

**७.४ प्रमुख उपलब्धि**

उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने मु ख्य उपलब्धि तथा नतिजा बु दागतरूपमा उल्लेख गर्ने।

१. शैक्षिक पहुच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सदृढ भएको हुनेछ।

**७.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

**(क) सङ्घीय सरकारबाट, प्रदेश सरकार, स्थानीय तह र अन्य संघ संस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्ष को जम्मा | स्थानीय तह | प्रदेश | सङ्घ | संघ संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ बर्ष | २ बर्ष | ३ बर्ष | ४ वर्षा | ५ वर्ष | | | | | | |
| १ | वालविकास र शिक्षा | 12309100 | 9873000 | 9673000 | 10209100 | 9923000 | 51987200 | | v | v | v | v |
| २ | आधारभूत शिक्षा | 145640000 | 55694000 | 59624000 | 61624000 | 61644000 | 384226000 | | v | v | v | v |
| ३ | माध्यमिक शिक्षा | 290000 | 1602000 | 5552000 | 1412000 | 1387000 | 10243000 | | v | v | v | v |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | 50000 | 1150000 | 50000 | 1050000 | 100000 | 2400000 | | v | v | v | v |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | 785000 | 850000 | 900000 | 300000 | 355000 | 3190000 | | v | v | v | v |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, | 510000 | 700000 | 1625000 | 0 | 0 | 2835000 | | v | v | v | v |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाई सामग्री तथा मूल्याँकन | | | | | | | | | | | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 2230000 | 2435000 | 740000 | 390000 | 740000 | 6535000 | | v | v | v | v |
| ८ | शिक्षामा समता र मावेशीकरण | 2232500 | 780000 | 830000 | 780000 | 830000 | 5452500 | | v | v | v | v |
| ९ | विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम | 2400000 | 135000 | 1550000 | 0 | 1450000 | 5535000 | | v | v | v | v |
| १० | विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता | 1120000 | 1120000 | 1120000 | 1120000 | 1120000 | 5600000 | | v | v | v | v |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | 2225000 | 2325000 | 2225000 | 2225000 | 2225000 | 11225000 | | v | v | v | v |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | 1960000 | 2255000 | 1855000 | 2260000 | 1855000 | 10185000 | | v | v | v | v |
| १३ | उच्च शिक्षा | 0 | 1500000 | 1150000 | 500000 | 0 | 3150000 | | v | v | v | v |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 635000 | 600000 | 580000 | 515000 | 515000 | 2845000 | | v | v | v | v |
| १५ | स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | 130000 | 130000 | 130000 | 130000 | 130000 | 650000 | | v | v | v | v |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 500000 | 430000 | 780000 | 780000 | 780000 | 3970000 | | v | v | v | v |
| | जम्मा | **173,366,600** | **81,929,000** | **88,384,000** | **83,295,100** | **83,054,000** | **510,028,700** | | | | | |

### ७.६ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस गोलबजार नगरपालिकाले योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रूपमा स्रोत सनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ । त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ । योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ । वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ ।

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

### परिचय

बिद्यालय शिक्षा योजनाको प्रभाबकारी कार्यान्वनकोलागि अनुगमन र मुल्यांकनको महत्वपुर्ण भूमिका हुन्नेछ । अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ८.१ वर्तमान अवस्था

संरचनागत प्राबधान अनुसार शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा

बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचक, गोलबजार  नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलन गरि मुल्यांकन गर्ने गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ।

**योजनामा अनुगमन तथा मूल्याङ्कनक मुख्य चुनौतीहरू-**

१. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास नहुनु।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरी मापनयोग्य सूचकहरूको  निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको  विकास नहुनु।
३. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै  यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता नदिनु।
४. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध नहुनु।
५. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित नहुनु।
६. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित नहुनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु नसक्नु।

**८.२ उद्देश्य**

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
२. योजनाको प्रारम्भ देखि  प्रभावतहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।
३. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

## ८.३ रणनीति

१. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरूको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने ।
२. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने ।
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने ।
४. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने ।
५. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।
६. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने ।
७. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरिने ।
८. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने ।
९. शैक्षिक योजना तथा कार्यान्वयनहरूको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

### क) उपलब्धि

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

### प्रमुख नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

### ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | अनुगमन तथा मुल्यांकन संयन्त्रको निर्माण | पटक | १ | | | | | | नगरपालिका |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको तीन तीन महिनामा अनुगमन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | नगरपालिका,प्रदेश र संघ विद्यालयमा |
| ५ | कार्यक्रम कार्यान्वयनको तीन तीन महिनामा समीक्षा र प्रतिवेदन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | नगरपालिका र विद्यालय |
| ६ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | विद्यालय |
| ७ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | २० | नगरपालिका |
| ९ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका र विद्यालय |

# अनुसूची १

## स्थानीय शिक्षा योजनाको ढांचा

## हाम्रो भनाई

**योजनाको साराँश**

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

३. स्थानिय तहमा शिक्षा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणको आधार

५. शिक्षा योजना निर्माण प्रकृया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्ध्इत् विश्लेषण

१.४ अवसरहरु

**परिच्छे २ : दूरदृष्टी, उद्धेश्य, रणनिति तथा लक्ष्य निर्धारण**

२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्धेश्य

२.५ रणनिति

२.६ कार्यनिति

२.७ उपेक्षित उपलब्धी

२.८ मुख्य कार्य सम्पादन सुचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५ अन्य उपक्षेत्र**

**५-१** उच्च शिक्षा

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

**परिच्छेद ७ लगानी र श्रोत व्यवस्थापन**

**परिच्छेद ८ : अनुगमण तथा व्यवस्थापन**

**अनुसुची २**

बिधालय शिक्षाको बिधमान समया, तिनको कारण र असर

| क्र.सं. | बिबरण | विस्तृतकरण |
|---|---|---|
| १. | मुख्य समस्या | • बिद्यालय शिक्षामा सबै बालबालिका लाई पहुँच , सहभागिता र गुणस्तर को सुनिश्चित्ततागर्न नसक्नु |
| २ | कारण | • बिध्यलाय सबै बालबालिकाको पहुँचमा नहुनु ।<br>• बिद्यालय को भौतिक संरचना बालमैत्री, अपांग मैत्री, लांगिक मैत्री नहुनु ।<br>• अभिभाबकहरु शिक्षाको महत्व नबुझ्नु ।<br>• गरिबी, विपन्नताका कर्ण बालबालिकालाई सानै देखि काम मा पठाउनु ।<br>• शिक्षक दरबन्दी अप्रयाप्त हुनु ।<br>• शिक्षक बिद्यार्थी अनुपात नमिल्नु ।<br>• स्थानीय भाषा र पाठयक्रम को प्रयोग नहुनु ।<br>• गुणस्तरीय शिक्षण सिक्सी नहुनु ।<br>• सिकाई उपलब्धि कम हुनु ।<br>• शिक्षामा सुचना तथा संचार प्रविधिको प्रयोग कम हुनु ।<br>• प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा कठिनाई हुनु । |
| ३. | असर | • बालबालिका बिचमै पढाई छोड्नु ।<br>• कक्षा दोहरौने दर बढी हुनु ।<br>• अपांगता , बिपन्न तथा पिछडिएको परिवारको बालबालिका बिद्यालय बाहिर रहनु ।<br>• पाठयक्रम अनुसार सिकाई उपलब्धि नहुनु ।<br>• सिकाई बाताबरण मा न्यूनता हुनु ।<br>• गुणस्तरीय जनशक्ति उत्पादन नहुनु ।<br>• शिक्षाले बेरोजगारी जन्माउनु ।<br>• ब्यबहार कुशल शिक्षा नहुनु । |

# अनुसूची ३

शिक्षा क्षेत्रका सबल पक्ष, कमजोरी, अबसर, चुनौती (SWOT) विश्लेषण

| **शिक्षा क्षेत्रका सबल पक्षहरु** | **शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु** |
|---|---|
| गोलबजार नगरपालिकाको शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :<br>१. यस नगरपालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन।<br>२. शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ।<br>३. प्राय सबै बिधालय मा बलविकास केन्द्र रहेको छ।<br>४. प्राबिधिक धारका बिधालयहरु सन्चालनमा रहेकाछन ।<br>५. दक्ष शिक्षकहरुको उपलब्धता तथा स्थनीयद्वारा शिक्षक क्षेमता बिकासका लागि विभिन्न तालिम संचालन।<br>६. दिवा खाजा जसलेगर्दा बालबालिकाहरुकोस स्वास्थ्य तथा बिध्यलायामा उपस्थिति बृधि।<br>७. शैक्षिक कयालेंदर निर्माण तथा सोहि अनुशर शैक्षिक क्रियाकलाप संचालन।<br>८. धैरैजसो बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरुको उपलब्धता रहेकोछ।<br>९. गोलबजार नगरपालिकाको कुल साक्षरता दर ६७.५ प्रतिशत रहेको छ। | १. बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउको लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तहबाट निरन्तर अनुगनमा जोड ।<br>२. बिधालयमा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगणमा गर्नु पर्ने ।<br>३. स्थानीय तहको साक्षरता दरमा बृधि गर्न यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने ।<br>४. प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने।<br>५. स्थानीय तहले सिक्षा क्षेत्रको बजेट बढाउन जोड दिनु पर्ने।<br>६. बहुभाषिक कक्षामा संचालमा जोड दिनुपर्ने।<br>७. स्थानीय पत्यक्रम ल्पुरना रुपमा संचालनमा ल्याउनु पर्ने ।<br>८. अभिभाबकहरुको बिद्यालय क्रियाकलापमा सहभागिता मा जोड ।<br>९. अपन्गमैत्री तथा लैगिक मैत्यी भैतिक पूर्वाधारमा जोड।<br>१०.बालमैत्री तथा भयरहित वाताबरण र गुणस्तरीय सिकाई तथा अतिरिक्त क्रियाकलापमा जोड।<br>११. प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा जोड । |
| **शिक्षा क्षेत्रका अबसरहरु** | **शिक्षाक्षेत्रको प्रमुख चुनौतिहरु** |
| १. संबैधानिक प्राबधान अनुसार यस नगरपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको।<br>२. पालिकाले शिक्षा सम्बन्धि नितिगत ब्यबस्था गर्न प्रयासरत रहेको ।<br>३. यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको।<br>४. यो नगरपालि भित्र शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको ।<br>५. भौगोलिक रुपमा सुगमताका साथै प्रत्येक वडामा बिद्यालय संचालन रहेको ।<br>६. यस पालिकामा उच्च शिक्षा संचालनमा रहेको।<br>**७.** यस नगरपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको। | गोलबजार नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -<br>१. प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा/ पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालननहुनु।<br>२. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नभएको।<br>३. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माणमा सुधारको आवश्यक छ।<br>४. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा भए पनि समुचित प्रयोग नहुनु।<br>५. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण आबश्यक रहनु। |

| | |
|---|---|
| | ६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।<br>७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु पर्ने ।<br>८. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने ।<br>९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।<br>१०.शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्त साथै दरवन्दी मिलान गरेर शिक्षक र प्रधनाध्यापकको व्यवस्थापन गर्नु पर्ने ।<br>११.बिद्यालय ब्यबस्थापन तथा शिक्षक अभिभाबक संघ गठनमा बाह्यहस्तक्षेप हुनु ।<br>१२.सामुदायिक बिद्यालय प्रति अभिभाबकहरुको सक्रियता न्यून हुनु ।<br>१३. प्रतिबिधार्थी खाजाको दर न्यून हुनु र दिवाखाजा कम्तिमा आधारभूत तह सम्म ब्यबस्थापन गर्नुपर्ने |

**अनुसूची४ :** शिक्षायुवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ,

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षायुवा तथा खेलकुद शाखा प्रमुख | सुबोध लामा | ९८१७७४२१३९ | Edu.golbazarmun@gmail.com |
| २ | प्राविधिक | उज्वल बिश्वकर्मा | ९८१८७०४०६८ | |

**अनुसूची ५ :** शिक्षासंग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरुको सुची

१. नेपालको संबिधान
२. सोहौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४. अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
५. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)
६. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
७. विद्यालय शिक्षामा समता रणनीति
८. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
९. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
१०. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
११. विद्यालय सधुार योजना र अन्य सरकारी र गैर सरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

महत्वपूर्ण लिंकहरु

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | https://moest.gov.np/ |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://cehrd.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | https://stro.gov.np |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा | http://www.deosiraha.gov.np |
| गोलबजार नगरपालिकाको वेब पेज | https://golbazarmun.gov.np/ |
| | |
| | |

**सन्दर्भ सामग्रीहरु**


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३ पाठ्यक्रम (, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर

- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून कितावखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना २०)७९ ,(**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय